
# ॐ शान्ति सन्देश

द्विमासिक



पिताश्री प्रजापिता ब्रह्मा





































१) काठमाण्डौ : पूर्व राष्ट्रपति डा. रामवरण यादवलाई पुष्पगुच्छा भेट गर्नुहुँदै ब्रह्माकुमारी राज दिदी साथमा ब्रह्माकुमारी किरण बहिनी । २) काठमाण्डौ : पूर्व उपराष्ट्रपति परमानन्द झालाई पुष्पगुच्छा भेट गर्नुहुँदै ब्रह्माकुमारी राज दिदी साथमा ब्रह्माकुमारी किरण बहिनी तथा अन्य । ३) हेटौडा : विजयादशमीको उपलक्ष्यमा आयोजित प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै न्यायाधीश हरि पोखरेल, वरिष्ठ समाजसेवी दिपकबहादुर सिंह, ब्रह्माकुमारी सुशीला बहिनी, ब्रह्माकुमारी रेवती बहिनी तथा अन्य । ४) जनकपुर : भाइ टीकाको अवसरमा टीका ग्रहण गरेपछि ग्रुप फोटोमा प्रमुख जिल्ला अधिकारी विपिन ठाकुर, वरिष्ठ पत्रकार रामाशिष यादव, वरिष्ठ पत्रकार सुजित झा, गौ संरक्षण मंच नेपालका केन्द्रीय अध्यक्ष जगदीश महासेठ, ब्रह्माकुमारी गंगा माता तथा अन्य । ५) धरान : स्वस्थ एवं सुखी समाजका निम्ति राजयोग कार्यक्रममा एस.एस.पी. पवनप्रसाद खरेललाई ईश्वरीय उपहार दिनुहुँदै ब्रह्माकुमारी नानीमैंया बहिनी तथा ब्रह्माकुमारी गीता बहिनी साथमा ब्रह्माकुमार राजु घले । ६) भरतपुर : मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र भित्र निर्मित योगकक्षको उद्घाटन गर्नुहुँदै ब्रह्माकुमारी लक्ष्मी बहिनी साथमा डा. भोजराज अधिकारी, एस.एस.पी. रमेश खरेल तथा अन्य । ७) जनकपुर : भाइ टीकाको अवसरमा डा. जोगेश्वर झालाई टीका लगाउनु हुँदै ब्रह्माकुमारी गंगा माता । ८) नारायणगढ : विजया दशमीको अवसरमा एस.एस.पी. रमेश खरेललाई ईश्वरीय उपहार दिनुहुँदै ब्रह्माकुमारी लक्ष्मी बहिनी साथमा श्रीमती खरेल । ९) नारायणगढ : सशस्त्र प्रहरी बलका एस.एस.पी. शम्भु उप्रेतीलाई ईश्वरीय उपहार दिनुहुँदै ब्रह्माकुमारी लक्ष्मी बहिनी । १०) रामेछाप : रक्षा बन्धनको अवसरमा जिल्ला स्वास्थ्य प्रमुख डा. प्रकाश साहलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी विष्णु बहिनी । ११) टाँडी : विजया दशमीको अवसरमा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै डी.एस.पी. जयराज सापकोटा, ब्रह्माकुमारी शर्मिला बहिनी, रत्ननगर नगरपालिका सामुदायिक विकास शाखाका प्रमुख तेजेन्द्र लामिछाने तथा अन्य । १२) राजबिराज : विजया दशमीको अवसरमा प्रवचन कार्यक्रम पश्चात् ग्रुप फोटोमा घरेलु तथा साना उद्योगका निर्देशक प्रेमकुमार सिंह, पूर्व शिक्षा अधिकारी अखिलेश्वर विश्वकर्मा, समाजसेवी हरिकृष्ण प्र. सिंह, ब्रह्माकुमारी भगवती बहिनी तथा अन्य ।

# ॐ शान्ति सन्देश

वर्ष १५, अंक ५, २०७२, पौष-माघ

का. जि. द. नं ६५/०५७/०५८


## शिव भगवानुवाच :

**बाबा र बच्चाहरूको यो अलौकिक मिलन कति सुन्दर छ, कति अमूल्य छ, कति आश्चर्यजनक छ । सारा कल्पमा कुनै महान् समय छ भने अहिलेको नै समय हो । यसैले गायन पनि छ संगमयुग महान् युग हो । यही महानताका साथ बाबा बच्चाहरू सँग मिलिरहनुभएको छ र बडो हर्षका साथ भनिरहनुभएको छ वाह मेरा बच्चाहरू वाह ! त्यस्तै बच्चाहरूको मुखबाट निस्किरहेको छ मेरा बाबा, प्यारा बाबा, वाह बाबा वाह !**

## अमृत सूची


| विषय | पृष्ठ |
|---|---|
| १. महान् व्यक्तित्वका धनी...... | २ |
| २. सोच, समस्या र समाधान | ६ |
| ३. आध्यात्मिक ज्ञानको महत्व | १० |
| ४. उन्नतिको आधार आत्म-चिन्तन | १२ |
| ५. अपेक्षा र मानसिक स्वतन्त्रता | १३ |
| ६. न्यारा प्यारा | १५ |
| ७. पारसमणि (चित्रकथा) | १६ |
| ८. शिव बाबा (कविता) | २१ |
| ९. भ्रम | २२ |
| १०. अब घर पुरानो भयो | २३ |
| ११. मेरो अलौकिक जीवनको.... | २६ |
| १२. प्रकृतिको पुकार | २१ |
| १३. मूल्य शिक्षामाला (३) | ३१ |



संरक्षक

**निर्देशक, ब्रह्माकुमारी राजदिदी**

सम्पादक

**ब्रह्माकुमार तिलक बहादुर शाही**

प्रकाशक

**ब्रह्माकुमारी राजयोग सेवा केन्द्र**

विश्व शान्ति भवन, ब्रह्माकुमारी मार्ग, ज्याठा, ठमेल, काठमाण्डौ

फोन : ४२४९०५८,४२६२३३०

E-mail : omshantisandesh@gmail.com, rajyoga@ecomail.com.np

कला निर्देशक

**प्रा. राधेश्याम मुल्मी**

कम्प्युटर डिजाइन एण्ड सेटिङ्ग

**ब्रह्माकुमार बाल कृष्ण श्रेष्ठ**


मुद्रण

**मल्टी ग्राफिक प्रेस प्रा. लि.**

वाफल, काठमाण्डौ फोन : ४२७४६५१

सम्पादकीय

# महान् व्यक्तित्वका धनी पिताश्री ब्रह्मा



यस संसारमा जो पनि महान् आत्मा बने तिनको जीवन दर्शनलाई अवलोकन गर्दा उनको पहिलो विशेषता नै त्याग देखिन्छ। त्यागमा पनि कसैले राज्यको त्याग गरे, कसैले उद्योग, व्यापारको त्याग गरे, कसैले घर गृहस्थीको त्याग गरे । तर आफूले जीवन पर्यन्त आर्जित सम्पूर्ण चल-अचल सम्पत्तिको त्याग गरेर मानव हितको लागि सर्व समर्पण गरेको उदाहरण बिरलै पाइन्छ यस परिप्रेक्ष्यमा ब्रह्मा बाबाको त्याग अत्युच्च पाइन्छ । घर-गृहस्थी, कार्य-व्यवहार र लौकिक-जिम्मेवारीलाई त्याग गरेर मठ-मन्दिर, वन-जंगल र गुफा-कन्दरामा गएर तप गर्नु कठिन कार्य हो तर घर गृहस्थमा बसेर विषय-विकारको त्याग गर्नु अत्यन्त दुष्कर कार्य हो जुन ब्रह्मा बाबाले गरेर अनुपम उदाहरण प्रस्तुत गर्नुभयो । धन-सम्पत्ति, वस्तु-वैभव, पद-प्रतिष्ठा आदिको त्याग त कैयौंले गरेका हुन सक्छन् तर त्यो त्यागबाट प्राप्त मान-शान-सम्मानको त्याग बडो मुश्किलले कसैले गरेका होलान् तर ब्रह्मा बाबाले ती सबै कुराको त्याग गर्नुभयो । ब्रह्मा बाबाले कहिल्यै पनि न कुनै नामको इच्छा राख्नुभयो, न मानको कामना राख्नुभयो, न त शान शौकतको अपेक्षा राख्नुभयो ।

निश्चय नै कर्मबाट फल प्राप्त हुन्छ, पुरुषार्थबाट प्रारब्ध प्राप्त हुन्छ, त्यागबाट भाग्य प्राप्त हुन्छ । त्यागबाट नै कोही उच्च बने, कोही सर्वोच्च बने, कोही महान् बने । यसकै प्रतिफल कोही कैयौंका आदरणीय बने, कोही कैंयौका सम्माननीय बने, कोही कसैका वन्दनीय बने । तर ब्रह्मा बाबाले जुन त्यागको पनि त्याग गर्नुभयो त्यो विलक्षण थियो, बेजोड थियो, वेमिसाल थियो । उहाँले जुन मै-पन, मेरो-पन र देह-अभिमानको त्याग गर्नुभयो त्यो त्यागको पराकाष्ठा थियो । बाबाले यतिसम्म त्याग गर्नुभयो जो उहाँलाई समेत मैले यति त्याग गरेको छु भन्ने महसुसता थिएन। बाबाले आफ्नो स्वरूपलाई यति साधारण र सामान्य राख्नुभयो जो धेरै थोरैलाई मात्र यिनै प्रजापिता ब्रह्मा हुन् भन्ने महसुस भयो। उहाँमा जतिकै शालीनता, महानता र दिव्यता थियो त्यतिकै निर्मानता थियो। उहाँले सामान्यभन्दा सामान्य कार्य गर्दा पनि स्थिति असाधारण राख्नुभयो । बाबाले आफ्नो प्रयोजनको लागि कुनै पनि नयाँ सामान र सामग्री राख्नुभएन । चाहे बस्ने स्थान होस्, चाहे प्रयोग गर्ने सामग्री हुन्, चाहे आरामदायी वस्तु हुन् कुनै पनि स्वीकार गर्नु भएन । यज्ञको व्यापकताको क्रममा नयाँ घर पनि बन्दै थिए, सबैको आग्रह हुन्थ्यो नयाँ घरमा बाबा बस्नुपर्छ तर बाबा भन्ने गर्नुहुन्थ्यो जसरी गरीब निवाज शिवबाबा पुरानो संसार पतित देहमा आउनुहुन्छ त्यस्तै मलाई पनि पुरानै घर र पुरानो कोठा नै ठिक छ, नयाँ त बच्चाहरूको लागि हो । कसैले बाबाको लागि नयाँ गलैंचा,

नयाँ दरी, नयाँ स्वेटर, नयाँ वस्त्र ल्यायो भने बाबा उसको दिल राख्न एक पटक प्रयोग गर्नुहुन्थ्यो अनि तुरुन्तै उतारेर पुरानै प्रयोग गर्नुहुन्थ्यो । बाबा प्रायः कसै सँग फोटो समेत खिचाउनु हुँदैनथ्यो किनकि त्यसमा बच्चाहरूको देह प्रति लगाव नहोस् भन्ने उहाँको सोच रहन्थ्यो । उहाँले कसैलाई पनि पाउ पर्न त परै जाओस् छुन समेत दिनु हुँदैनथ्यो । बाबा संसारमा रहेर पनि संसारको प्रभावबाट मुक्त हुनुहुन्थ्यो, शरीरमा रहेर पनि शरीरको भानबाट निर्लिप्त हुनुहुन्थ्यो, देहमा रहेर पनि देहबाट पर विदेही हुनुहुन्थ्यो ।

सम्पूर्ण त्यागको प्रतिफल बाबामा तप पनि त्यतिकै प्रज्वलित भएको थियो । बाबा निरन्तर योगको पराकाष्ठामा हुनुहुन्थ्यो । एक शिवबाबाको यादमा तल्लीन, लभलीन र मस्त भएको पाइन्थ्यो । जसरी अर्जुनको नजरमा केवल पंछीको आँखाको पुतली मात्र दृष्टिगोचर हुन्थ्यो त्यस्तै बाबाको नजरमा केवल निराकार शिवबाबा हुनुहुन्थ्यो । बाबा योगीहरूमा सर्वश्रेष्ठ योगी राजयोगी, ऋषिहरूमा राजऋषि, तपस्वीहरूमा महातपस्वी हुनुहुन्थ्यो । उहाँ देहमा रहेर पनि देहातीत, कर्म गरेर पनि कर्मातीत, इन्द्रियमा रहेर पनि इन्द्रियातीत हुनुहुन्थ्यो । बाबा आफू त अशरीरी हुनुहुन्थ्यो नै तर उहाँको सम्पर्कमा आउने हरूलाई समेत अशरीरीपनको महसुस गराउनुहुन्थ्यो । उहाँको समीपमा पुग्नेहरूलाई एक विशेष प्रकारको अभिनव शान्ति, गहन शान्ति, शाश्वत शान्तिको अनुभूति हुन्थ्यो ।

बाबाको हर कर्म योगयुक्त थियो । उहाँ कर्म गरेर पनि कर्मयोगी हुनुहुन्थ्यो । ब्रह्मा बाबाको नजरमा शिवबाबा हुनुहुन्थ्यो भने शिवबाबाको नजरमा ब्रह्माबाबा हुनुहुन्थ्यो । उहाँहरूको स्नेह, प्यार र प्रीति यति गहिरो थियो जुन एक अर्कालाई अलग गर्न सकिदैनथ्यो । ब्रह्माबाबाको मनको अटुट नाता र सर्व सम्बन्ध एक शिवबाबा सँग थियो । ब्रह्माबाबा हरपल शिवबाबामा नै डुबेको प्रतीत हुन्थ्यो । उहाँ दिनमा मात्र होइन रातमा समेत जागृत ज्योतिको रूपमा हुनुहुन्थ्यो । बाबा सच्चा योगी, सदा योगी, विशेष योगी हुनुहुन्थ्यो । उहाँको खान-पिन एकदमै हलुका भइसकेको थियो । निद्रा नाम मात्रको थियो । भनिन्छ पनि –योगीहरू निद्राजित हुन्छन् त्यस्तै बाबा निद्राजित नै हुनुहुन्थ्यो । अनि यो पनि भनिन्छ योगीहरूको अंग-अंग शीतल हुन्छ त्यो बाबाबाट स्पष्ट प्रतिभासित हुन्थ्यो । उहाँको मुखमण्डल उज्यालो-चम्किलो, निधार दिव्य आभाले ओतप्रोत र सम्पूर्ण काया प्रकाशमय फरिस्ता समान देखिन्थ्यो । बाबा आफ्नो योगयुक्त सम्पूर्ण स्थितिबाट समस्त जगतलाई निरन्तर सकाश दिइरहनुभएको आभास हुन्थ्यो । बाबा जब यज्ञ-वत्सहरूलाई दृष्टि र सकाश दिनुहुन्थ्यो तब उनीहरू समेत आफ्नो देहको स्मृति भुलेर विदेही भएको महसुस गर्थे । त्यो क्षण यज्ञ-वत्सको लागि अत्यन्त अनुपम र मनमोहक अनुभव हुन्थ्यो । ब्रह्माबाबाको शिवबाबा सँग जुन अति घनिष्ठता थियो र त्यो अझै कायम छ, अहिले त अझ अंग-संग रहने अदभुत क्षमता छ । बापदादाको शिक्षाले जगतलाई नयाँ आयाम थपेको छ, नयाँ प्राण थपेको छ, नयाँ जागरण थपेको छ । अहिले पनि यज्ञवत्स, ब्रह्मावत्सहरूलाई बापदादाबाट प्रत्यक्ष र परोक्ष प्यार, पालना र वरदान प्राप्त

भइरहेको छ ।

त्याग र तपको पराकाष्ठामा पुग्नुभएका बाबाको जीवनको हर पहलु हर आत्मालाई जागृत हुने प्रेरणा प्रदान गर्दथ्यो । बाबालाई हर आत्माको सेवा गर्ने उत्कट प्रेरणा र लगन रहन्थ्यो । मानव सेवा, विश्व सेवा, आत्मा उत्थानको सेवामा स्वयं पनि तत्पर रहनुभयो भने यज्ञवत्सहरूलाई पनि प्रेरित गर्नुभयो। बाबा मानव सेवामा अहोरात्र खट्नुभयो । उहाँले न दिन भन्नुभयो न रात भन्नुभयो हर आत्मालाई पावन बनाउन, योगयुक्त बनाउन, गुणवान बनाउन नयाँ-नयाँ योजना बनाउँदै रहनुभयो । बाबा शुभचिन्तक बनेर लोक कल्याणको सेवामा निरन्तर लागि पर्नुभयो। शिवबाबाले दिनुभएको शिक्षा र सन्देशलाई स्वयंमा धारण गरेर अरूलाई धारण गराउन निरन्तर लागि पर्नुभयो। बाबाले लोक कल्याणको लागि तन-मन-धन समर्पण गरेर पनि, वृद्ध शरीर भएर पनि निरन्तर सेवामा लागिरहनु भयो । सेवाको लागि नै, मनुष्य आत्माहरूलाई सुख दिनको लागि नै उहाँको विचार चल्दै रहन्थ्यो । प्रतिदिन कम्तीमा १८ घण्टा उहाँ सेवामा संलग्न रहनुहुन्थ्यो। सेवामा नै व्यस्त रहँदा आफ्नो खान-पिन, रहन-सहन र आरामको पनि ख्याल रहँदैनथ्यो । बाबा वृद्ध अवस्थामा पनि यति सेवा र परिश्रममा जुटेको देखेर कस्तै सुस्तभन्दा सुस्त व्यक्ति पनि आफ्नो आलस्यलाई छोडेर सेवामा लाग्दथ्यो । बाबा भन्ने गर्नुहुन्थ्यो, शिवबाबा सारा कल्पमा एक पटक आएर यो सर्वोत्तम ज्ञान-यज्ञ रच्नुहुन्छ र त्यसको लागि हर कल्पान्तको संगममा यसै वृद्ध तनमा नै आउनुहुन्छ भने के सेवा नै नगरूँ ? यदि शरीरबाट कार्य गरेन भने निरोगी र कञ्चन काया पनि मिल्दैन । त्यसैले दधीचि ऋषि समान यस यज्ञमा आफ्नो हड्डी-हड्डी दिनुपर्छ तब त शरीर पनि पावन बन्छ, पावन मिल्छ । यसरी बाबा आफूबाट नै सेवा शुरु गरेर प्रेरणा दिनुहुन्थ्यो। बाबा भन्नुहुन्थ्यो– जुन कर्म म गर्छु मलाई देखेर अरूले गर्नेछन् ।

बाबाले सबैको सेवा समान रूपले गर्नुभयो तर विशेष गरेर समाजका पिछडिएका, अपहेलित र तिरस्कृत वर्ग नारीहरूलाई बढि ध्यान दिनुभयो । आज सम्म जुन नारी वर्गलाई पुरुष वर्गले मात्र होइन साधु, सन्त र महात्माहरूले समेत नारी अबला हुन्, नारी नरकका द्वार हुन् भनी अपहेलित गरेका थिए तिनलाई बाबाले नारी स्वर्गका द्वार हुन्, नारी सबला हुन्, नारी देवी हुन् भन्ने प्रेरणा दिएर अगाडि बढाउनु भयो । माता कन्याहरू नै पतित पावनी हुन्, नारी नै शिवशक्ति हुन् भन्ने स्वमान दिएर नारी वर्गलाई माथि उठाउनु भयो। बाबा बारम्बार नारीहरूलाई सम्मान गर्दै वन्दे मातरम् भन्नुहुन्थ्यो। संसारमा पुरुष वर्ग द्वारा स्थापित धार्मिक, सामाजिक संघ-संस्थाका प्रायः सबै नाम पुरुषको नामबाट नै रहेका छन् तर केवल यो संस्थाको नाम प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्वद्यिालयको नामबाट संचालित छ। नाम मात्र होइन संसार भरि नै यस संस्थाको संचालन नारी वर्गबाट भएको छ । नारी अधिकारको यो ज्वलन्त उदाहरण थियो। यो कार्य बाबाले नै गरेर देखाउनु भयो। नारी हक हितको पक्षमा बाबाले जुन आवाज उठाउनुभयो, उदारता देखाउनुभयो, उदाहरण प्रस्तुत गर्नुभयो त्यसको कैंयौ क्षेत्रबाट कटु आलोचना पनि भएको थियो तर त्यो सबै सुनेर,

सहेर अगाडि बढनुभयो । आज प्रायः सबै ठाउँमा नारी हक हितको आरक्षण गरिन्छ तर त्यसबेला जुन वैर-विरोधको सामना बाबाले गर्नुपऱ्यो त्यो निकै मार्मिक थियो, पीडादायी थियो । नारी उत्थानको क्षेत्रमा बाबाले जुन सेवा गर्नुभयो त्यो साच्चिकै अवर्णनीय छ । नारी उत्थान मात्र होइन बाबाको भिजन र मिसन आत्मा उत्थानको लागि थियो । पावन आत्मामा आज जुन विकृति, विसंगति र विकार आएको छ त्यसलाई निर्मूल गरेर पावन विश्वको स्थापना गर्ने शिवबाबाको जो लक्ष्य-उद्देश्य छ त्यसलाई अघि बढाउन ब्रह्माबाबा अहोरात्र खट्नु भयो । बाबाले यसमा सबै वर्गलाई उत्तिकै प्राथमिकता दिनुभयो । एक विचित्र र अद्भुत सत्य के थियो भने एक सर्वोत्तम आत्मा र अर्को पुरुषोतम आत्मा एउटै तनद्वारा एकै पार्ट संयुक्त रूपमा खेलिरहेका थिए । सर्वोत्तम आत्मा स्वयं साक्षात् शिव परमात्माको थियो भने पुरुषोत्तम आत्मा प्रजापिता ब्रह्माको थियो । यी दुवैमा यति घनिष्ठता थियो जुन एक अर्कालाई अलग गर्न गाह्रो थियो तर पनि शिव भगवान्का हर आज्ञा वा श्रीमतलाई ब्रह्मा बाबाले अक्षरशः पालना गर्नुभयो अनि  ज्ञान, गुण र सर्वशक्तिका अखण्ड र अजस्र स्रोत शिवपिता समान सम्पन्न र सम्पूर्ण फरिस्ता बन्नुभयो ।

जसरी मिश्री मिठासको स्वरूप हुन्छ त्यस्तै बाबा गुणका खानी ज्ञानका स्वरूप हुनुहुन्थ्यो । ज्ञान-गुणलाई जीवनमा धारण गरेर हरेकलाई शिक्षा दिनुहुन्थ्यो । गुणमूर्त ब्रह्मा बाबा सबैलाई सम्पूर्ण, सर्वश्रेष्ठ, स्वाभाविक र सच्चा स्नेह दिनुहुन्थ्यो । बाबाको स्नेह, प्यार, पालना पाएर हर आत्मा अभूतपूर्ण शीतलता, गहन शान्ति र अलौकिक खुशीको अनुभव गर्दथे । बाबा ईश्वरीय स्नेह दिएर उनीहरूलाई दुःख दिने विषालु विषय विकारको दान लिनुहुन्थ्यो । बाबा भन्ने गर्नुहुन्थ्यो, जन्म-जन्मान्तर त यी विकारी धन्दा गर्दै आयौ, दुःख भोग्दै आयौ, पतित बन्दै आयौ अब बाबा सुख, शान्तिको अविनाशी सम्पत्ति दिँदै हुनुहुन्छ भने के यी दुःख दिने विकारलाई छोड्न सक्दैनौ ? बाबाका यस्ता प्रेरणादायी, कल्याणकारी, परिवर्तनकारी मधुर वचन सुनेर हर आत्मा पावन बन्ने र बनाउने पुरुषार्थमा जुट्दथे ।

प्रेरणाका स्रोत बाबाको जीवनरूपी गहिराइमा जति डुब्दै गयो त्यति डुब्न बाँकी गहिराइले, ज्ञानका मूर्ति बाबाको जीवनरूपी उचाइमा जति चढ्दै गयो त्यति चढ्न बाँकी उचाइले, गुणका प्रतिमूर्ति बाबाको जीवनरूपी बाटोमा जति हिड्दै गयो त्यति हिड्न बाँकी बाटाहरूले आध्यात्मिक पुरुषार्थमा तीव्रता ल्याउनु स्वाभाविक नै हो । तर पनि प्यारा बाबाको अनुसरण र अनुकरण गर्दै गयौं भने पक्कै उहाँको अनुग्रह रहन्छ नै ।  जसरी बाबाले अन्तिम समय सम्म पनि आलस्य, अलवेला र निरुत्साहलाई स्थान दिनुभएन त्यस्तै हामी पनि जागरुक रह्यौ भने छिट्टै बाबा समान सम्पन्न र सम्पूर्ण बन्नेछौं ।




# सोच, समस्या र समाधान

ब्रह्माकुमार रामसिंह ऐर

संसारमा हुने गरेका सम्पूर्ण क्रिया-प्रतिक्रियासँग मानव विचार र संकल्पको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार र सम्बन्ध रहन्छ। मानव संकल्पको पहुँच र प्रभाव मानव जातिमा मात्रै होइन अन्य प्राणी जगत, वनस्पति एवं प्रकृतिका सम्पूर्ण तत्वहरूमा समेत रहने गर्दछ । संसारमा देखिने सबै दृश्य-परिदृश्य मानव मनका नै प्रतिबिम्ब हुन् भन्नुमा अन्यथा न होला। मानव विचारको अध्ययन, अनुसन्धान र त्यसको सम्भाव्य शक्तिको विषयमा गहिरो ज्ञान राख्ने विज्ञहरूको निचोडले पनि यस सत्यलाई पुष्टि गर्दछ । संसारमा चारैतिर जे जस्तो भइरहेको छ, यो सबै मानव मनको नै अभिव्यक्ति हो ( whatever is happening around, it is nothing but the projection and human mind )। संसार र समाजलाई कस्तो आकार, प्रकार र स्वरूप (shape and model) दिने भन्ने सामर्थ्य र शक्ति मानव मनमा नै तिरोहित रहन्छ। तसर्थ मानव मनको विशिष्टतालाई यथार्थ रूपमा जानेर त्यसलाई सकारात्मक, शुद्ध, शक्तिशाली र उद्देश्य मूलक बनाउन सके स्वयं तथा समग्रको कल्याण र उत्थान गर्न सकिनेछ ।

मानव मन भित्र निरन्तर चलिरहने संकल्पको धारा बाह्य जगतमा सदृश्य हुन पुग्दछ । वास्तवमा जो भित्र हुन्छ त्यही बाहिर निस्कन्छ । विचार र विश्लेषण गर्नुपर्ने पक्ष के भने मेरो आन्तरिक धाराको गुणवत्ता (quality) कुन स्तरको छ। यदि मानिस भित्र निरन्तर नकारात्मक, विषालु र फाल्तु विचार हरूको प्रवाह भइरहन्छ भने त्यसले त्यस्तै प्रकारका कुभावनाका तरंगहरू तरङ्गित गर्ने गर्दछ। विचार र भावनाको संयुक्त शक्तिले नै मानिसको मनोवृत्ति (attitude) लाई निर्माण गर्दछ। जसले ऊ भित्र त्यस्तै किसिमको दृश्य (vision) को निर्माण गर्दछ । नकारात्मक र अशुद्ध दिशातिर बरालिने मनका संकल्पले मानिसको बुद्धिलाई दिग्भ्रमित मात्रै न गरेर कमजोर बनाउने गर्दछ। बुद्धिको विवेचनात्मक र मूल्याङ्कन गर्ने शक्तिलाई क्षीण गर्न पुग्दछ। जसको परिणाम विवेक शून्य हुन गई गलत निर्णय गर्न पुगिन्छ।

मानिसको सोच विचारलाई बीउका रूपमा लिन सकिन्छ । विचार अनुसार नै व्यक्तिको व्यक्तित्वको निर्माण हुन्छ । त्यसैले भनिन्छ जस्तो सोचिन्छ त्यस्तै बनिन्छ। सोच अनुसार बोल र त्यसै अनुसार कर्म, व्यवहार र चरित्र बन्न पुग्दछ तथा त्यही अनुरूप मानिसको व्यक्तित्व विकास हुन्छ तथा उसको भविष्य बन्दछ । स्वीकार गरौं कि हाम्रो वर्तमानको स्थान, उपलब्धि र स्थिति हाम्रो आफ्नै विगतमा गरेको कर्मको प्रतिफल हो भने हाम्रो भविष्य


संसारलाई अलौकिक खेल र परिस्थितिलाई खेलौना सम्झ्यौं भने निराश हुँदैनौ ।

हाम्रो वर्तमानको प्रतिविम्ब (shadow) हो । बितेको कुरा हाम्रो हातबाट गइसकेको हुँदा लाख प्रयत्नबाट पनि आफ्नो अनुकूल गर्न सकिँदैन केवल त्यस प्रतिको दृष्टिकोण मात्र परिवर्तन गर्न सकिन्छ । भविष्यको चिन्ता गर्नु व्यर्थ हो किनकि त्यो अझै जन्मन बाँकी छ तर वर्तमान हाम्रो हातमा भएको हुँदा यस अवसरको भने पूरा-पूरा लाभ लिन सकिन्छ । वर्तमानको अमूल्य समयलाई पूर्ण सदुपयोग गरी खुशी र हर्षसँग जीवनयात्रा पूर्ण गर्न सकिन्छ तथा भविष्यको लागि पुण्यको खाता जम्मा गरी उज्ज्वल भविष्यको निर्माण गर्न सकिन्छ ।

नकारात्मक सोचका कारण गरिने निर्णय र कर्मबाट बन्ने कुचक्र (vicious cycle) ले पुनः मानिसलाई दुर्गतिको कुचक्रमा नै धकेल्ने काम गर्दछ । धेरै पटकका नकारात्मक सोच, बोल र कर्म मानिसका लागि शक्तिशाली conditions अथवा जीवनलाई परिचालन गर्ने सशक्त शक्तिका  रूपमा काम गर्दछ । मानिस चाहेर पनि त्यस चक्रबाट मुक्त हुन सक्दैन । तसर्थ प्रत्येक सोच, बोल र कर्ममा मानिस सचेत भएर समयमै नकारात्मक पक्षबाट सुरक्षित रहनुपर्दछ । त्यसै गरी शुभसोच, मधुरबोल र सत्कर्म र सत्व्यवहारको पुनः पुनः पुनरावृत्ति गर्नाले मानिसको संस्कार असल र सकारात्मक बनी व्यक्तित्व मूल्यवान,, गुणवान र परोपकारी बन्न पुग्दछ । जीवनमा स्वाभाविक रूपमा ज्ञान, शान्ति, प्रेम, खुशी, पवित्रता र आनन्द रूपी सद्गुणहरू सुभासित हुन्छन् ।

आधुनिक मानव स्वभाव कुनै पनि घटना, समस्या र परिस्थितिका लागि तुरुन्तै अरूलाई दोष दिने खाले बनेको छ । अर्थात् समस्याको कारण अरूलाई घोषित गर्न चतुर देखिन्छ । अरूलाई दोषी प्रमाणित गर्ने तथा आफू निर्दोष र चोखो बनी सुरक्षित हुने प्रयत्न गर्दछ । आफूले गरेको गल्तीलाई समेत अरूमाथि खन्याउने यत्न गर्दछ । आफूलाई दोष स्वीकार गर्न चाहँदैन । आफू माथि आइपरेको समस्या, दुःख-कष्ट, रोग, शोकका लागि अरूलाई कारक तत्व सम्झी उस प्रति क्रोधको भावनासाथ दोषारोपण गर्ने प्रयत्नमा नै केन्द्रित रहन्छ । फलतः समस्याको रूप झन्-झन् जटिल र भयंकर हुन पुग्दछ । तसर्थ अरूलाई अंकित गर्ने एक औंलाको ठाउँमा तीन औंलाले आफूलाई संकेत गरिरहेको तथ्यलाई आत्मसात् गर्नु जरुरी छ । किनकि हाम्रो जीवनमा आउने सबै प्रकारका समस्या र व्यवधानका लागि हामी स्वयं प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जिम्मेवार रहेका हुन्छौं । त्यसमा पनि हाम्रो सोच विचारको व्यापक भूमिका हुन्छ । हामीबाट निरन्तर प्रवाह भइरहेका चिन्तन कति कल्याणकारी, कति अकल्याणकारी हुन्छन् हामी स्वयम्ले मूल्याङ्कन गर्नु पर्दछ । अनुसन्धानबाट के सिद्ध भएको छ भने मानिसले दिनभरी उत्पन्न गर्ने करिब ३०,००० विचारहरू मध्ये ८० प्रतिशत फाल्तु तथा नकारात्मक हुने गर्दछन् । आफै विचार गर्नुहोस् परिणाम के होला ?

सामान्य स्थितिमा आफ्नो मन-चित्तलाई शान्त राख्नु, खुशी र निश्चिन्त रहनु कुनै ठूलो बहादुरी र महानता होइन । महानता त त्यो हो जसले अति दुःख र असहज वातावरणका बीचमा पनि आफूलाई धैर्य, स्थिर र नम्रताको स्थितिमा स्थित गर्न सक्दछ ।

उसको मनमा कुनै प्रकारको नकारात्मक सोच पैदा नभएर प्रत्येक घटनाको पछिल्तिर कुनै कुनै कल्याण रहेको वास्तविकतालाई निहाल्न सक्दछ। उसको व्यक्तित्व र सोचको उचाई यस्तै भयावह समयका बीच थाहा पाउन सकिन्छ। प्रेरणादायी पथप्रदर्शकहरूले इतिहास रच्नका लागि विकराल परिस्थितिका बेला देखाएको संयम, सदाचार अचल र अडिग स्थिति नै सबैका लागि गायनयोग्य तथा अनुकरणयोग्य हुन पुग्दछ। व्यक्ति-व्यक्तिको सोच, दृष्टिकोण र स्थिति पृथक हुने तथ्यलाई एउटा प्रसंगबाट पनि सिद्ध गर्न सकिन्छ।

एक पटकको कुरा हो दुई जना मित्र सामुद्रिक यात्राको आनन्द लिन पानी जहाजको यात्रामा निक्लेका रहेछन्। दैव संयोगको कुरा जहाज समुद्रमा भएको ठूलो हिमशिलासंग टक्राएर दुर्घटनाग्रस्त भएछ। कति मानिसको ज्यानै गएछ अन्य नोक्सान पनि। तर भाग्यवश ती दुवै मित्रलाई भने सुरक्षितसाथ समुद्रको वेगले एउटा निर्जन स्थलतिर किनारा लगाएछ। दुवै जना कुनै घाउ-चोट पनि न लागि त्यस एकान्त स्थलमा पुगेछन्। त्यस मध्ये एउटा मित्रले नाना थरिका कुरा बकबकाउन थालेछ। हाम्रो कस्तो खोटो भाग्य, आज कुन दुर्दशामा यहाँ आइपुगियो। भगवान् साह्रै निर्दयी रहेछ। हामीलाई यस्तो समस्या भोग्नुपऱ्यो आदि इत्यादि। तर अर्को मित्रको सोच त्यो भन्दा फरक थियो। उसले सान्त्वना दिँदै भनेछ - मित्र भगवान्लाई लाख-लाख धन्यवाद दिनुपर्दछ। त्यस्तो भयंकर दुर्घटना हुँदा पनि हामी सुरक्षितसाथ बिना घाउ चोट बाँचेका छौं। यो भन्दा ठूलो भाग्य के हुन सक्छ। राती हुँदै थियो दुवै जना मिलेर केही रूखका हाँगा तोडताड गरी सानो झुपडी बनाएछन् र राती त्यसैमा आराम गरेछन्। विहानीपख नित्य कर्म गर्न दुवै जना समुद्र किनारतिर लागेछन्। संयोगवश उनीहरूले बनाएको झुपडीमा आगो लागेर भस्म भएछ। दुवै जना फर्किंदा त्यस्तो दृश्य देखेछन्। पुनः प्रथम मित्र बकबकाउँन थालेछ। कस्तो खोटो कर्म होला बनाएको झुपडी पनि जलेछ। अधैर्यताकासाथ कराउन थालेछ। दोस्रो मित्रले फेरि सम्झाएछ - मित्र यसमा पनि महाकल्याण। यदि हामी भित्र हुन्थ्यौं भने मृत्यु निश्चित थियो तर भाग्यले हामी बाहिर जाँदा आगो लागेछ। ठीक त्यही समयमा समुद्रमा दुर्घटना परेको जहाजको उद्धार गर्न समुद्रमा राहत स्टिमर आएको रहेछ। संयोगले त्यो स्टिमरको क्याप्टेनले झुपडीमा लागेको आगोको धुवाँ देखेछ र सायद कोही अप्ठ्यारोमा परेको महसुस गरी स्टिमरलाई त्यतै तिनीहरू भएपट्टि ल्याएछ। न भन्दै त्यो जहाजले ती दुवै जनाको उद्धार गरेछ। दुवै जना मित्र सुरक्षितसाथ घर फर्केछन्।

उपरोक्त प्रसंगले मानिसको सोच, दृष्टिकोण र आन्तरिक अवस्थाको साक्षात्कार गराउँछ। जीवन यात्रामा जस्तो सुकै दुःखद घटना पनि आउन सक्दछ। तर त्यस प्रतिको सोचले नै मानिसलाई सुखी वा दुःखी बनाउँदछ। घटना र परिस्थिति भन्दा पनि मनस्थितिको महत्वपूर्ण रोल हुने गर्दछ। यस संसाररूपी कर्म भूमिमा मानिसले अनेक प्रकारका उकाली र ओरालीसँग गुज्रिनु नै पर्दछ। किनकि परिवर्तनशील संसारमा अनेक प्रकारका परिवर्तनहरू भइरहन्छन्। त्यसलाई कसैले रोक्न

वा छेक्न सक्दैन । यो यस चलाचल्ती संसारको अकाट्य नियम नै हो । तर त्यो व्यक्ति नै यी तमाम तरंगहरूमा सहजतापूर्वक खुशी खुशीले जीवन यात्रा सम्पन्न गर्दछ जसमा सकारात्मक सोचको सीप छ अर्थात् जसले हर परिस्थितिलाई सकारात्मक रूपमा हेर्ने दृष्टिकोण राख्दछ ।

मौजुदा सर्वत्र देखा परेको कटुता, हिंसा, हत्या तथा प्रकृतिको उथल-पुथल र असन्तुलनको पछिल्तिर मानव मनस्थिति, सोच र चिन्तनको नै हात रहेको छ । जुनसुकै प्रकारका समस्याको सर्जक मानव सोच र चिन्तन नै भएको हुँदा यी सबैको समाधान पनि मानव मनका विचार भावनामा नै खोज्नु पर्दछ तथा त्यसमा परिवर्तन ल्याउनुपर्दछ । अनि मात्रै यी यावत् समस्याको सहज समाधान हुनेछ । यसका लागि मानवको आफ्नो अल्प ज्ञान र सोचले मात्र पुग्दैन । वर्तमानमा मानव जातिका लागि ठूलो अवसर छ स्वयं ज्ञानसागर परमात्मा शिवबाबा निराकारले प्रजापिता ब्रह्माका माध्यमबाट सम्पूर्ण सत्य ज्ञान र सर्वश्रेष्ठ राजयोग ध्यानको शिक्षा दिइरहनुभएको छ । यस सत्यलाई जानी बुझी स्वीकार गर्नुका साथ त्यसको निरन्तर अभ्यास गर्नाले मानव सोचले व्यापकता र दिव्यता प्राप्त गर्दछ । अन्तमा यही भन्न चाहन्छु कि सोचलाई बदल्यौं भने सम्पूर्ण सितारा, तारागण, ग्रह नक्षत्रलाई समेत बदल्न सकिन्छ । आफ्नो दृष्टिकोण परिवर्तन गर्‍यौं भने संसारका सम्पूर्ण दृश्य-परिदृश्यलाई बदल्न सकिन्छ । समुद्रमा यात्रा गर्ने यात्रीलाई स्टिमर वा डुङ्गा बदलेर होइन त्यसको दिशालाई बदल्यो भने सहजै किनारमा पुग्न सकिन्छ । त्यस्तै आध्यात्मिक चिन्तनले जोडदार शब्दमा भन्छ कि अरूलाई बदल्ने प्रयास र परिश्रम गर्नुको सट्टा स्वयंलाई सकारात्मक रूपमा परिवर्तन गर्‍यौं भने सारा विश्व नै परिवर्तन हुनेछ । यो धरा स्वर्ग भूमि बन्ने छ । तर मनको दिगो र सकारात्मक परिवर्तनका लागि आध्यात्मिकताबाट ओतप्रोत भएको ज्ञानको प्रकाश तथा योगको बलको नै खाँचो पर्दछ । जसबाट मानिस निहित स्वार्थको त्याग गरी सर्वहित र कल्याणका लागि समर्पित हुन सक्दछ । यसका लागि त्याग, तपस्या र यथार्थ सेवाभाव हुनु जरुरी छ । वर्तमान मुलुकको परिस्थिति, जटिलता र चुनौतीलाई समाधान गर्न सम्पूर्ण नेतृत्व वर्गमा आध्यात्मिक विवेक, आत्मिक चेतना र कर्म सिद्धान्तको ज्ञान हुनु जरुरी छ । असल प्रतिफलका लागि असल बीजारोपण नै गर्नु पर्दछ । आक्रोश, आवेश, ईर्ष्या, उद्दण्डता, उच्छृङ्खलता तथा ध्वंसात्मक गतिविधिबाट प्रतिफल कस्तो निस्कन्छ होला, आफै विचार गर्न सकिन्छ । कुनै पनि समस्याको समाधान शुद्ध र उपकारी सोच, सौहार्दमय छलफल, वार्ता, समझदारी, एक अर्काका विचार र भावनाको कदर र सम्मान गर्नाले नै गर्न सकिनेछ । सबैमा आह्वान छ, आ-आफ्ना हठलाई त्याग गरी प्रभु समर्पित बुद्धिकासाथ अगाडि बढ्नाले कम समय, स्रोत र शक्तिको व्ययबाट नै समाधानको कार्य फत्ते हुनेछ ।

# आध्यात्मिक ज्ञानको महत्व

प्रा. गोपीकृष्ण शर्मा गौतम, ज्ञानेश्वर

आध्यात्मिक ज्ञान सत्य ज्ञान हो । सत्य ज्ञानबाट नै आत्माहरूको र समस्त विश्वको कल्याण हुन्छ । सत्य ज्ञान प्राप्तिका लागि आध्यात्मिक गुरुहरू, मनोवैज्ञानिकहरू, धार्मिक महापुरुषहरू, दार्शनिकहरूले पुरुषार्थ गरेका हुन्छन् र आ-आफ्ना अनुभवका आधारमा आफ्ना कुरा राखेका हुन्छन् । परन्तु यथार्थमा सत्य ज्ञान के हो ? त्यो भने विचारणीय छ । सत्य ज्ञान त्यो हो जसबाट आत्माहरूको र समग्र विश्वको कल्याण हुन्छ र जुन चढ्दो कला पनि हो । यो यथार्थ सत्य ज्ञान चाहिँ वास्तवमा सृष्टि, आत्मा, परमात्मा र प्रकृतिको आदि-अनादि खेल हो जुन कल्प-कल्पमा पुनरावृत्त भइरहन्छ । अरू स्पष्ट गरौं, यो खेल अनादि कालदेखि चल्दै आएको छ र अनन्त कालसम्म चल्दै रहनेछ । यस खेलमा कर्म र फलको अद्वितीय सन्तुलन रहन्छ । जे जति आत्माहरूले यस चक्रको, यस खेलको बारेमा जानेका हुन्छन् र सोही बम्मोजिम कर्म गर्छन् भने उनीहरू नै श्रेष्ठ फल प्राप्त गर्छन् । यस प्राप्तिलाई विभिन्न धर्म र सभ्यताका अनुसार कतै स्वर्ग, कतै जन्नत र कतै हेभन आदि नामहरूबाट भन्ने गरिन्छ ।

यस यथार्थ सत्यको जानकारीका लागि विश्वका सबै समुदायका आत्माहरू आफ्नो-आफ्नो सामर्थ्य अनुसार पुरुषार्थ गरिरहेका छन् र यस विषयमा आफ्नो मत दिइरहेका छन् । तैपनि यो सत्य ज्ञान के हो जसबाट आत्माहरूको र विश्वको नै कल्याण होस् भन्ने कुरा त्यति स्पष्ट भएको छैन । यही कारणले विश्वमा गिर्दो कला अर्थात् विश्वमा तमोप्रधानता बढ्दै गएको छ ।

यसबाट विश्वमा अनाचार, अत्याचार, भ्रष्टाचार बढ्दै गएको छ र आत्माहरूको कर्म संस्कार पनि गिर्दै गएको छ । यसको फलस्वरूप आत्माहरूले पनि दुःख-अशान्तिमा भौतारिनु परेको छ । सत्य ज्ञान के हो जसबाट आत्माहरूको र विश्वको कल्याण होस् भन्ने कुरा स्वयम् आत्माहरूलाई नै स्पष्ट हुन सकेको पाँइदैन । यसबारे जानकारी राख्न आत्माहरू नै असमर्थ जस्तै भएका पनि छन् ।

वर्तमान संगमयुगमा परमात्माले जुन सत्य आध्यात्मिक ज्ञान दिनुभएको छ

अर्थात् आत्मा, परमात्मा र सृष्टिचक्रको महत्व बताउनुभएको छ त्यसबाट नै आत्माहरू आफ्नो कल्याण गरिरहेका छन् र विश्वकै कल्याणका लागि पुरुषार्थ गरिरहेका छन्। वास्तवमा सत्य ज्ञानका के के विशेषता हुन्छन्, ती विशेषताहरूलाई पनि परमात्माले बताउनुभएको छ। तिनमा मुख्य रूपले यी विशेषताहरू रहेका छन्–

१) सत्य ज्ञान प्राप्त गर्नासाथ आत्मालाई आफ्नो मूल स्वरूपको आभास हुन्छ। त्यो मूलस्वरूप चाहिँ शान्त, परम शक्ति-सम्पन्न र परमानन्दमय रहेको छ।

२) ज्ञान सागर परमात्माको स्वरूपको ज्ञान आत्मालाई प्राप्त हुन्छ। यसबाट आत्मालाई परमात्माद्वारा विश्व कल्याणार्थ दिइएको आत्मा, परमात्मा र सृष्टिचक्रको आदि-मध्य-अन्त्यको ज्ञान मिल्छ र यस ज्ञानको निश्चय बोध पनि हुन्छ। यसबाट आत्माहरू आफ्नो जीवनमा राहत महसुस गर्छन् र आत्माहरूले भौंतारिने र अलमलिने स्थिति रहँदैन।

३) सत्य ज्ञान विरोधाभास हुँदैन बरु विवेक-युक्त र तर्क-सङ्गत हुन्छ। यसमा कुनै धर्म-विशेषको हित-अहित भन्ने कुरा रहँदैन। सबै धर्मका आत्माहरूका लागि यो ज्ञान कल्याणकारी हुन्छ।

४) यस कारण परमात्माले भन्नुभएको छ– म आएर समग्र वेद र शास्त्रहरूको सार सम्झाउँछु र सबै आत्माहरूलाई मुक्ति-जीवनमुक्तिको जन्मसिद्ध अधिकार दिन्छु।

यस प्रसङ्गमा भगवान्का महावाक्यका केही अंश यहाँ उद्धृत गर्नु वाञ्छनीय हुन्छ। महावाक्यहरू यस प्रकार छन् –

“परमपिता परमात्मा अति सूक्ष्म ज्योतिर्बिन्दु हुनुहुन्छ। उहाँलाई पतित-पावन, ज्ञानका सागर भनिन्छ। परमपिता परमात्मामा सृष्टिको बीजरूप हुनाको कारणले सृष्टि-चक्रको आदि-मध्य-अन्त्यको ज्ञान छ। परमात्मालाई नै सत्-चित्-आनन्द स्वरूप भनिएको छ। यो हो आध्यात्मिक ज्ञान जसलाई बाबा आएर नै आत्माहरूलाई पढाउनुहुन्छ। अहिले के कुराको जानकारी भएको छ भने स्वयम् शिवबाबा हामीलाई यो ज्ञान पढाउनुहुन्छ।”

संगम युगमा परमात्माबाट यथार्थ आध्यात्मिक ज्ञान प्राप्त भएपछि आत्मा पनि आफ्नो मूल स्वरूपमा स्थित हुन्छ र परम शान्ति तथा परम शक्तिको अनुभव गर्दछ। परमात्माका साथ विश्वकल्याणको कार्यमा आत्माले परमानन्दको अनुभव गर्दछ। यस विश्व नाटकको यथार्थता जानेर साक्षी द्रष्टा भएर यो देखेपछि आत्माले परम सुखको अनुभव गर्दछ। यथार्थ आध्यात्मिक ज्ञानले नै आत्मालाई अतीन्द्रिय सुखको अनुभूति हुन्छ।



# उन्नतिको आधार आत्म चिन्तन

ब्र. कु. भगवान भाइ, ब्रह्माकुमारीज, शान्तिवन

म को हुँ, कस्तो छु, कहाँबाट आएको हुँ, मेरो आउनुको कारण के हो, परमपिता परमात्मा सँग मेरो के सम्बन्ध छ........ यस्ता कैंयौ प्रश्न मनमा आइरहन्छन् । हामी सबैले यो कुरा पनि जानिसकेका छौं म एक आत्मा हुँ जो यस शरीरमा रहन्छु । हुन त कैंयौ व्यक्तिहरू अहिलेसम्म पनि आत्मालाई मान्दैनन् र आफूलाई केवल शरीर मात्र सम्भिन्छन् । जसले आत्मालाई मान्दछन् तिनले पनि आत्माको स्पष्ट जानकारी हासिल गरेका छैनन् केवल आस्था मात्र रहेको छ अभै केही भ्रान्तिहरू रहेकै छन् । ती कुरालाई म यहाँ उठाउँदिनँ, तर ज्ञानका सागर परमपिता शिव परमात्माले हामीलाई जुन स्पष्ट ज्ञान दिनुभएको छ र जस्तो मैले सम्भेको छु त्यस अनुसार नै केही कुराहरू लेख्दै छु ।

आत्माको स्वभाव नै हो कर्म गर्नु र शरीर विना उसले कर्म कसरी गर्न सक्छ ? यसैले कर्मको लागि नै उसलाई शरीर चाहिन्छ । शरीरका कर्म इन्द्रियहरूलाई त हामी जान्दछौं तर आत्माले पनि आफ्ना तीन शक्तिहरूद्वारा यस शरीरबाट कर्म गराउँछ । ती सूक्ष्म शक्ति हुन्– मन, बुद्धि र संस्कार । जब आत्माले सोच्ने कार्य गर्दछ त्यस शक्तिलाई मन भनिन्छ । निर्णय गर्ने समयमा जुन शक्तिले कार्य गर्दछ त्यसलाई बुद्धि भनिन्छ । मन-बुद्धि द्वारा जुन कार्य हामी गर्दछौं, त्यसको प्रभाव आत्मामा नै पर्दछ त्यसलाई नै संस्कार भनिन्छ । त्यस संस्कारले फेरि मनमा विचार उत्पन्न गर्दछ । यस प्रकार चक्र चल्दै रहन्छ ।

जब आत्माले शरीर छोड्छ तब ऊ तिनै संस्कार वश नयाँ शरीर धारण गर्दछ । यिनै संस्कारको सूक्ष्म शरीर सहित आत्मा जन्म-मरणको चौरासीको चक्रमा घुम्दै रहन्छ र संस्कार अनुसार नै नयाँ मनुष्य शरीर वा जीवन मिल्दै रहन्छ । यो पनि स्मृति रहोस् सृष्टि-चक्रमा अहिले यो हामी सबैको अन्तिम जन्म हो । यसबेला नै हामी पुराना संस्कारका विकर्मलाई सहज राजयोगको माध्यमबाट भस्म गर्न सक्छौं । अनि यो जन्म र आउने जन्मलाई पनि सफल गर्न सक्छौं । सुखमय बनाउन सक्छौं ।

यो शरीर त प्रकृतिका पाँच तत्वबाट बनेको छ । यो कुरा हामी सबै जान्दछौं । शरीरलाई तिर्खा लाग्छ अथवा शरीरमा पानीको कमी हुन्छ र त्यस कमीलाई हामी पानीले पूरा गर्न सक्छौं कुनै अन्य तरल पदार्थबाट गर्न सक्दैनौ । जस्तै पेट्रोल, डिजेल, घ्यू, मह आदिबाट सक्दैनौ । त्यसैले शरीरको तिर्खा अर्थात् पानी तत्वको कमी । अब प्रश्न आउँछ आत्माको तिर्खा वा प्यास के हो ?

बाँकी अंश पेज २० मा ...



श्रेष्ठ पुरुषार्थमा थकावट आउनु पनि आलस्यको निशानी हो ।

# अपेक्षा र मानसिक स्वतन्त्रता

ब्रह्माकुमार विजयराज सिग्देल

आफूसँग भएको सुन्दर पखेटाका कारण, निश्चिन्त पूर्वक विश्राम गर्दछ पंक्षी डालिमा । आफूसँग हुनुको फाइदा लिन्छ, उडान भरिरहेको पंक्षीले सम्भवतः आफ्नो पखेटालाई पूर्णतया स्मृतिमा राखेको हुन्छ । उसलाई स्मृति र कहिले काहीँ विस्मृतिको व्यथाले सताउँदैन । बचपनमा अति तीक्ष्ण र वृद्ध  अवस्थामा अलि कम भनेर उसलाई बहाना बनाउन आउँदैन र त ऊ पूर्णतया स्वतन्त्र छ, खुल्ला गगनमा ।

अनि, बुढेस कालमा सहाराको आवश्यकता पर्दछ भनेर जन्माइएका सन्तानसँग अपेक्षा पनि राखेको हुँदैन, विरामी पर्छु कि भनेर विमा गराएर वा लुकाएर बैंकमा रकम संग्रह न गरेकै कारण मानिसलाई जस्तो घरी-घरी अस्पताल पनि धाउन नपरेको होला ।

प्रकृतिले दिएको सुन्दर एक जोर बस्त्र नै उसकालागि पर्याप्त छ र त, दिनहुँ कपडाको लफडाले पनि सताउँदैन उसलाई । आहा....कति सुन्दर स्वतन्त्रता ।
न घर नत घडेरी । फगत आनन्दै आनन्द ।

अर्कातर्फ अनुपम नमूना, सर्वोत्कृष्ट रचना, चेतनाको शिखर महामानव, अपेक्षै अपेक्षाको भुमरीमा रुमल्लिएको छ । पाइला पाइलामा मुनाफा र घाटाको घनचक्करमा जीवनलाई हिसाव-किताबको कित्तामा बाँडेको छ। पलपल सम्झौतामा जीवनलाई साटिरहेको छ । विवश मानव । उफ !

कसैसँग अपेक्षा राख्नुहोस्, आवश्यकता पूरा हुन सक्छ । सापेक्षतामा अडिएको छ समाज । सबै कुरा सबैसँग परिपूर्ण त हुँदैन । अन्तररंग हो यो दुनियाँ । अन्तरसम्वन्धित हुनुपर्छ । जीवन र समाज एकाँकी रहन सक्दैन । यो सत्यता सँग-सँगै अपेक्षाले मानसिक स्वतन्त्रतालाई भने बन्धक राखिदिने गर्दछ। अनायास अपेक्षाले उपेक्षालाई सँग-सँगै भरपोषण पनि गर्न थाल्दछ ।

मानसिक स्वतन्त्रतालाई जीवनको आधार बनाउन चाहेका साधकलाई अत्यन्त खवरदारी अपनाउनुपर्ने हुन्छ । अपेक्षालाई पूरा गरेर मानसिक बन्दी बनाउन उत्कण्ठा राख्नेहरूको हुल सक्रिय छ यहाँ । लगानी गरिदिन्छ तपाईंकालागि । यस्तो लाग्छ जगतमा तपाईं मात्र यस्तो विश्वासिलो र भरपर्दो मानिस हुनुहुन्छ जसकालागि शंकाको नजरले हेर्नुपर्ने कुनै आवश्यकता नै छैन । यो विश्वासको घुमाउरो घुम्ती हो जतिबेला जीवनको गाडी पछि फर्केन सक्दैन नत

दायाँबायाँ नै । एकोहोरिन्छ मन र बुद्धि । सहज भएझै प्रतीत हुन्छ । हुन्छ पनि केही समयका लागि । कालान्तरमा लगानीको प्रतिफल बुझाउन खोज्दा मन यति बन्धक बनिसकेको हुन्छ अब उस भित्रको स्वतन्त्रता फगत मूकदर्शक बन्न थाल्दछ ।

यसैले पनि होला विश्वासिलो मानिस नपाएर नै मानिसहरू मूर्तिको पूजा गर्ने गर्दछन् । उसले नचाहेर पनि खाइदिनुपर्ने हुन्छ, धन सम्पति स्वीकार गरिदिनुपर्ने हुन्छ । मूर्ति अपेक्षातीत छ । चाहँदैन त्यो मूर्तिले र त मानिसहरू श्रद्धा र सर्मपण गर्छन् । मूर्ति किन्न परे पनि पछि पर्दैन र किनेको मूर्तिसँग अहोरात्र भिख मागिरहन्छ मानिस, धन र शान्तिको ।

परमात्मा शिवबाबा भन्नुहुन्छ– माग्नु भन्दा मर्नु बेस । हजार भुजा परमात्मा जसले मनुष्यलाई सम्पूर्ण शक्ति प्रदान गरिसक्नु भएको हुन्छ । आफू समान सम्पन्न बनाएर यस धरामा राज गर्न पठाउनुभएको छ, सत्यतालाई बिर्स्यो यो मनुवाले ।

समय पुनः दोहोरिएको छ । फगत धरामा परमात्म को विशेष भूमिका चलिरहेको छ । उहाँ भन्नुहुन्छ –मेरो भरपूर प्रयोग गर । स्वतन्त्रताको उडान भर । पल-प्रतिपल आफू सम्पूर्ण शक्ति सम्पन्न भएको, ईश्वरीय पालनामा भरपूर भएको र सबै कुरा समयानुकूल घटित भइरहेको सत्यतालाई मनमा स्थापित नै गरिदिउँ ।

स्मरणले शक्तिलाई आह्वान गर्दछ र जीवन शक्तिशाली बन्ने कडीमा अगाडि बढ्न थाल्दछ । सर्वशक्तिमान् परमात्माको साथ र हातले जीवन क्षितिजलाई अझ फराकिलो बनाउने कुरामा कुनै सन्देस रहँदैन ।

दोहोराई रहुँ परमात्माले मलाई जे जती दिनुपर्ने हो, दिइ नै सक्नु भएको छ । म आफैमा भरपूर छु । शक्तिले शक्तिलाई नै आफूतिर आह्वान गर्ने सत्यतालाई स्वीकार गरौं ।

साधकको यस्तो अवस्था होस्, आवाजमै नआइकन नै साँनिध्यमा रहनेले मनको आवश्यकतालाई महसुस गर्न सकोस्, दिनेलाई दिन पाएकोमा गौरव लागोस्, पाउनेलाई आफ्नो कर्तव्यको बोध होस्, आहा ! कति मिठो संगम, मानसिक स्वतन्त्रता ।

जगतका पंक्षी हे हामी मानव, आफ्नो पखेटाको शक्तिलाई विश्वास गरौं । पूरै निर्भर हुँदा कतै मक्किएको अवस्था हुनसक्छ, डालीको । कतै पखेटा खुल्दा अति ढिलो नभइ सकोस् । होसियार ! भोगाइ र बोलाइ सापेक्ष कुरा हुन् ।



# न्यारा प्यारा


हेम शर्मा पोखरेल

कुनै बेला विद्यार्थी अवस्थामा awfully nice भन्ने एउटा शब्दावली चर्चा गर्दा रमाइलो लाग्थ्यो। दुःखदायी राम्रो। सकारात्मकता र नकारात्मकताको मीठो सम्मिश्रण । बाबाले प्रयोग गर्ने न्यारा प्यारा शव्दहरू पनि त्यस्तै त्यस्तै लाग्छन् । न्यारा अर्थात् अलग, पृथक्, छुट्टै, टाढा, भिन्न, अद्भुत, विचित्र आदि र प्यारा अर्थात् प्रिय, प्यारो, जसलाई त्याग्न मनले चाहँदैन, स्नेही, आत्मीय, मन पर्ने आदि । सांसारिक हिसावले न्यारा र प्याराको अर्थ पृथक् लगाउन सकिएला पनि तर बाबाले हामीलाई दिनुभएको शिक्षा अनुसार यहाँ यी शब्दावलीका विषयमा संक्षिप्त चर्चा गर्ने जमर्को गरिएको छ ।

बाबाका बच्चाहरू ज्ञानमा पारंगत हुनका लागि, तीव्र पुरुषार्थका लागि, यो विनाशी दुनियाँबाट आफ्नो आकर्षण वा लगाव हटाउनका लागि, जीवन र जगतको यथार्थतालाई आत्मसात् गर्नका लागि, देह र देहको आकर्षणबाट पर बस्नका लागि न्यारा अर्थात् अलग रहनु न्यारा हो। आत्माको प्रमुख गुण वा धर्म प्रेम हो । प्रेम यस्तो होस् जो निःस्वार्थ होस्, विना शर्तको होस्, सर्वको लागि होस्, देह र देहजन्य विनाशी चिजतिर भन्दा सर्वशक्तिमान् परमात्मा, निराकारी आत्मा र अविनाशी प्राप्तिका लागि होस् ।

वास्तवमा न्यारापनको उदाहरण दिनुपर्दा राम्ररी पाकेको मीठो हलुवाको उदाहरण दिन सकिन्छ। राम्ररी पकाएको हलुवा भाँडोमा लागेको पनि हुँदैन, पाकेको पनि हुन्छ र स्वभावैले मीठो र स्वादिष्ट पनि हुन्छ। हलुवा भाँडामा पकाइन्छ र राखिन्छ तर राम्ररी पाकेको हलुवा भाँडोमा टाँसिएको हुँदैन। सहजै निकाल्न सकिन्छ । बाबाले हामीलाई यो विनाशी देह र देहको सम्बन्ध तथा पद, प्रतिष्ठा, वस्तु, वैभव, लौकिक सम्बन्ध आदिबाट पनि त्यसरी नै न्यारा रहन अह्राउनुहुन्छ । हामी यही दुनियाँमा रहने हो । यही लौकिक परिवार र परिवेशमा रहेर पुरुषार्थ गर्ने हो । आफ्नो स्व-उन्नतिका लागि यही परिवेशमा सँगै रहेर पनि माथि उल्लेखित हलुवा जस्तै यस दुनियाको विनाशी वस्तु र सम्पर्कदेखि अलग अर्थात् न्यारा रहेर प्रत्यक्ष रूपमा भविष्यका सुखद २१ जन्म अर्थात् सारा सृष्टि चक्रको कल्पको आधा आयुको र अप्रत्यक्ष रूपमा बाँकी ६३ जन्मको भाग्य रेखा वा प्रारव्ध निर्माण गर्ने हो ।

न्यारापनको कुरा गर्दा ब्रह्मा बाबा र मम्माको उदाहरण लिन सकिन्छ । ब्रह्मा बाबा र मम्मा परमात्मा ज्ञानको अभ्यास गर्ने प्रथम उपासक हुनुहुन्छ । परमपिता परमात्मा शिवका प्रथम रचना यी आत्माहरूले परमात्माको श्रीमत अनुसार संगमयुगी


पारसमणि
एक व्यक्ति ठूलो महात्मा कहाँ गयो ।
मलाई केही दिनु होस् महात्माजी
महात्माले धेरै सम्झाउँदा पनि त्यो व्यक्तिले आफ्नो माग्ने जिद्दी छाडेन ।
अन्तमा आजित भएर महात्माले त्यस मान्छेलाई एक डब्बा दिए ।
त्यो व्यक्तिले महात्मालाई भन्यो :
यसले म के गरुँ ?
महात्माले भने
यो डब्बालाई खोल
उसले डब्बा खोल्यो ।
त्यसमा कपडाले बेरेको एक सानो पत्थर देख्यो ।



यो सानो पत्थरले म के गरुँ यस बाहेक केही दिनुहोस् ।
महात्माले भन्यो..
यो पारसमणि हो फलामलाई छुँदा सुन बन्छ ।
उसले अचम्म मान्दै भन्यो -
यो फलामको डब्बामा राखेको छ त्यो सुन भएन त अरु फलाम कसरी सुन हुन्छ ।
कपडा उतारेर छोयो भने सुन बन्छ ।
न भन्दै कपडा हटाएर छुँदा फलामको डब्बा सुन भयो ।
त्यस्तै देहरूपी कपडाले छोपेको हुनाले आत्मा रुपी हीरा र परमात्मा पारसनाथको दर्शन नभएको हो । देहलाई भुलौं आत्माहीरा र मोती प्राप्त गरौं ।

जीवनमा पिता-पुत्री र आगामी जीवनमा युगलका रूपमा भूमिका निर्वाह गर्ने ती परम सौभाग्यशाली आत्माहरूले ड्रामाको अकाट्य यथार्थलाई जानेर त्यस उत्कृष्ट भूमिकालाई फलदायी बनाउन वर्तमानमा पिता-पुत्रीको सम्मानजनक एवं स्नेहसिक्त सम्बन्धलाई मूलतः आत्मिक दृष्टि वृत्तिमा रहेर निर्वाह गर्ने र भविष्यमा सृष्टि कै सर्वोत्कृष्ट जीवन अर्थात् विश्व महाराजन विश्व महारानीको भूमिका निर्वाह गर्ने तयारी कति श्रेष्ठ कति अनुशासित मर्यादित मानसिकता होला त्यो । वर्तमानको बात्सल्य र सम्मानको सम्बन्ध एवं भविष्यमा जीवन मित्रको सम्बन्ध । दुवै पवित्र, स्नेहसिक्त, ज्ञानयुक्त । न्याराप्यारापनको सर्वोत्कृष्ट उदाहरण सायद यही हो ।

कमल पुष्प हिलोमा उम्रिन्छ र फक्रिन्छ। हिलो दुर्गन्धित हुन्छ । फोहोर हुन्छ । त्यसको सम्पर्कले मात्रै पनि जीवनमा रोग व्याधि फैलिन सक्छ। वातावरणमा प्रतिकूल असर पर्न सक्छ । तर त्यसै माथि फुलेको कमल पुष्पले सुन्दरता, सुगन्ध र आकर्षण प्रदान गरेको हुन्छ। न्याराप्यारापनको यो पनि एउटा उत्कृष्ट उदाहरण हो । हामी यो संसारको तमोप्रधान अवस्था, मनुष्य आत्माहरूको विकारी मनोदशा तथा स्थिति, समाजको स्वार्थी लोभी पापी प्रवृत्ति आदिमा रहेर पनि आफूलाई कमल पुष्प समान पवित्र राख्ने र लौकिक परिवार, समाजसँग सम्बन्ध अर्थात् कर्तव्य निर्वाह गर्ने गर्दछौं । श्रीमत अनुसार कमल पुष्प समान संसारको विकारी वातावरणबाट पृथक् अर्थात् न्यारा रहने परिवेश सिर्जना गर्छौं ।

बाबाका अनन्य बच्चा एक जना मेरा मित्र हुनुहुन्छ । उहाँले यदाकदा न्यारा प्यारा भनेको उदासीन स्थिति तर्फ हो भन्ने संकेत गर्नुहुन्छ अर्थात् न्यारा भनेको सम्पर्कै नगर्ने वा सामान्य कर्तव्यदेखि विमुख रहेर लौकिक कर्तव्य निर्वाह वा सामान्य सेवा सहयोगबाट पनि अलग अर्थात् पन्छिनु हो कि भन्ने भाव व्यक्त गर्नुहुन्छ। तर ती मित्रलाई यथार्थ त्यसो होइन रहेछ भन्न पनि म अग्रसर भइरहेको छु यस आलेखका माध्यमबाट ।

परमात्म सन्तानका रूपमा भाइ-भाइ र ब्रह्मामुखवंशावलीका रूपमा भाइ-बहिनीको पवित्र सम्बन्ध र दृष्टि वृत्तिमा रहेर गरिने आपसी स्नेह र सद्भाव अर्थात् विदेही रूपमा रहेर गरिने पवित्र प्यार अपनत्व वा साख्य भाव नै प्यारा रहने अवस्था हो । वास्तवमा भन्ने हो भने हामी बाबाका बच्चाहरूका लागि सबैभन्दा प्रिय यस सृष्टिका नियन्ता, रचयिता, प्रमुख पात्र, परम नायक, परमश्रेष्ठ शिवबाबा हुनुहुन्छ । त्यस पछि स्वाभाविक रूपमा ब्रह्माबाबा, मीठी मम्मा, दादीजीहरू र दिदीजीहरू तथा एवं रितले सबै ब्राह्मण परिवार आउँछ । व्यापक विश्व दृष्टिकोणबाट हेर्दा सम्पूर्ण मनुष्य आत्मा मात्र होइन चराचर प्रकृति र जीवजन्तु समेत यस प्यारका अधिकारी हुन्छन्। निराकार म आत्माको निराकार शिवबाबा सदाका साथी, सदा प्रिय, सदाका दौंतर यो भावनालाई आत्मसात् गरेर विश्व परिवर्तनको महान् अभियानमा लागेका हामी आत्माहरू समीप सम्बन्धी सहकर्मीहरू

सबै प्यारा मात्र होइन अति प्यारा छौं ।

प्याराको उदाहरण दिँदा ब्रह्माबाबा र मम्माको अनासक्त प्यार तथा दादी-दिदीको एक आपसको सम्मान र प्यारलाई उदाहरणका रूपमा लिन सकिन्छ । यी सम्बन्धहरूमा न स्वार्थको गन्ध, न लोभ वा मोहको गतिरोध देखा पर्छ । सदा विश्व कल्याणको शुभ विचार र शुभ भावनाबाट प्रेरित भएर गरिने एक अर्का प्रति भनौं विश्व परिवर्तनका नायक नायिकाहरू बीचको निःस्वार्थ प्रेम वा स्नेह । यस भित्र ज्ञान चर्चा, सतसङ्ग, यादको यात्रा, वर्तमान संगमयुगी जीवन सफल बनाउने र भविष्य सुखमय संसारका आधाकल्पका जीवनहरू आनन्दले ओतप्रोत एवं सुखमय बनाउने सेवा योजना, सेवा समाचार, लौकिकतामा अलौकिकताको समायोजन, सेवा सम्बन्धी दुःख-सुखका कुराहरू, चिन्तनहरू यी नै त हुन् प्यारापनका अभ्यासहरू, योजनाहरू र यथार्थताहरू ।

सँगै सेवा गर्छौं, सँगै शुद्ध भोजन गर्छौं, सँगै हिड्छौं, सँगै बाबाको याद गर्छौं, सँगै पुरुषार्थ गर्छौं र पनि न्यारा रहन्छौं । त्यहाँ दैहिक आकर्षण रहँदैन, प्यार त हुन्छ, विदेही प्यार, अनासक्त प्यार, निःस्वार्थ प्यार, यस दुनियाँ मात्रै होइन पारलौकिक एवं अलौकिक परिवेश तथा आउँदै गरेको नयाँ दुनियाँ सत्ययुगी दुनियाँ सम्म विस्तार भएको दीर्घ प्यार स्वाभाविक प्यारको खोजी गर्न लागि परौं । यही अलौकिक परिवार त हो संगममा सँगै रहेरै सँगै विश्व परिवर्तनको महायात्रामा सहभागी हुने । भोलि के बन्छौं भन्ने आफ्नै ठाउँमा सुखद सपना त छँदै छ तर अहिले बाबाका बच्चाहरू एक-आपसमा प्यार गर्छौं, निःशर्त प्यार, आत्मिक प्यार, दैहिक होइन । भविष्य स्वर्गमा त हामी एक अर्कालाई यति प्यार गर्छौं, त्यो यस तमोप्रधान दुनियाँमा व्यक्त गर्न पनि सकिँदैन । त्यसैको पूर्वाभ्यास त हो यो संगमयुग । त्यसैले शिवबाबाले ब्रह्मामुखद्वारा प्रदान गरेको ज्ञान अर्थात् श्रीमतलाई पालना गर्ने हामी ब्राह्मण आत्माहरू (लौकिक रूपमा जातको आधारमा भनिने ब्राह्मण होइन)ले एक आपसमा जति निःस्वार्थ प्रेम गर्न सक्छौं उति सत्ययुगी दुनियाँमा एक आपसमा उत्कृष्ट प्रेम र उच्चतम सद्भावमा परम सुखमय जीवन व्यतीत गर्न सक्छौं । अहिले हामी ब्राह्मण परिवार बीच प्यार गर्नमा कन्जुस्याइँ गर्‍यौं भने भविष्यमा रमाउन सकौंला ? यसको मतलव न्यारा रहनु पर्दैन भन्ने कदापि होइन। हो हाम्रो प्यार अलौकिक दुनियाँ सम्म विस्तार भएको छ । हाम्रो प्यारका स्रोत स्वयम् परमपिता परमात्मा जो हामी आत्माहरू सँग परमधाम निवासी हुनुहुन्छ उहाँ सम्म विस्तार भएको छ । माथि नै भनियो हामीले आफ्नो लौकिक परिवार मात्र होइन सम्पूर्ण मानव आत्मा तथा प्रकृति र वातावरण प्रति प्रेम राख्नुपर्छ, राखिरहेका छौं र त हरेक दिनको अमृतवेला मात्र होइन सारा समय हामी विश्व कल्याणको लागि दत्तचित्त छौं, लगनमा मगन छौं । स्नेह बाँड्नु पर्छ । त्यसैले हामीले यी सबै पक्षधरहरूलाई प्यार गर्नु छ, पालना दिनु छ, सबै आत्माहरूको उन्नति र

प्रगतिको लागि शुभ भावना र शुभकामना राख्नु छ । हो, यी कार्य हामी अलौकिक परिवारले संयुक्त रूपमा गर्छौं, व्यक्तिगत रूपमा गर्छौं, मनसाद्वारा गर्छौं, साकारी रूपद्वारा गर्छौं, आकारीद्वारा गर्छौं, निराकारी रूपद्वारा गर्छौं ।

अतः न्यारा प्यारा भनेको सम्बन्धमा वैराग्य नभई अझ प्यारा बन्नु हो । यथार्थमा निःस्वार्थ प्रेम गर्ने भनेको हो उदासीन रहने भनेको होइन । यो त अझै प्रेमपूर्ण सेवा र कर्तव्यको मिश्रण हो । यो स्नेह अक्षुण्ण, जीवन्त, शुभ रहन्छ, बाबाको प्रत्यक्षताको जग बन्छ, सफलताको आधार बन्छ, सारा जगको सेवाको सूत्र बन्छ ।

वास्तवमा न्यारा र प्यारापन भनेको बाबाका बच्चाहरूलाई सतोप्रधान बन्नका लागि, कर्मातीत अवस्था प्राप्त गर्नका लागि, सत्ययुगी दुनियाँको राज्य भाग्य पाउनका लागि, विश्वको मालिक बन्नका लागि, देही-अभिमानी स्थिति बनाउनका लाागि, यस देह र दुनियाँबाट पृथक् रहेर कमल पुष्प समान जीवन बनाउका लागि, नष्टोमोहा स्मृतिर्लब्धा बन्नका लागि, सदा मन्मनाभव स्थितिमा स्थित रहनका लागि, नरबाट नारायण  नारीबाट लक्ष्मी बन्नका लागि भनौं मनुष्य जीवनका उच्चतम उपलब्धि प्राप्त गर्नका लागि एउटा अचूक औषधि हो ।

न्यारा-प्यारा बन्नाले हामी यस विनाशी दुनियाँ र देहबाट अलग रहन मात्र सक्दैनौं अपितु परमात्माका सन्तान आत्मा भाइ-भाइ बीच प्रेम, सद्भाव, स्नेह, सौहार्दता एवं भाइचाराको वास्तविक अनुभूति गर्न र गराउन समर्थ हुन्छौं, इहलोक र परलोक सुख,शान्ति, पवित्रताले सम्पन्न बनाउन सक्छौं ।

देह र देहको दुनियाँदेखि वैराग्य र एक परमात्मा पितासँग अनुरक्ति यही हो न्यारा प्याराको सोझो अर्थ । जति न्यारा उति परमात्माको प्यारो भइन्छ । जति न्यारा उति यस संगमयुगी दुनियाँ र नयाँ दुनियाँमा सर्वको प्यार प्राप्त गर्न सकिन्छ ।

अनासक्त रूपले निःस्वार्थ प्यार गर्नु नै न्यारा प्यारा बन्ने सहज मार्ग हो, सहज पुरुषार्थ हो । न्यारा बनौं एक-अर्कामा अकिञ्चन प्यार गरौं र सुखमय संसारको सिर्जनाको आधार बनौं ।

---

१२ पेजको बाँकी अंश...

हामी भन्दै आएका छौं आत्मालाई शान्ति छैन, आत्मिक सुख छैन, आत्मिक आनन्द छैन, सच्चा आत्मिक प्यार यस दुनियाँमा मिल्दैन आदि-आदि.....यही आत्माको तिर्खा हो, प्यास हो । जसलाई हामी अशान्ति (शान्तिको कमी), दुःख (सुखको कमी), घृणा (प्यारको कमी) आदि भन्छौं । यसबाट पनि थाहा हुन्छ हामी आत्मा शान्ति, सुख, प्यार, आनन्द, पवित्रता, ज्ञान, शक्ति...... यी सात गुणका पुञ्ज हौं ।

यसैले हामी आत्माहरू यस प्यास वा कमीलाई पूरा गर्नको लागि ठाउँ-ठाउँमा भटकिदै रहन्छौं । वास्तवमा आत्माका स्वधर्म नै हुन् यी सात गुण । यसैले हामी यो पनि सुन्दै वा भन्दै आएका छौं जुन कुरा पनि प्राप्त हुनु छ, त्यो हामीलाई भित्रैबाट प्राप्त हुनु छ,



सधैं वाह बाबा वाहको गीत गाउँदै बाबाको यादमा मस्त रहौं ।

बाहिरबाट होइन । किनकि आत्माको प्यास हामीलाई आत्माको गुणको अनुभव गर्नाले नै पूरा हुन सक्छ अथवा अन्तर्मुखी हुनाले नै प्राप्त हुन्छ । किनकि हामी जे चाहन्छौं त्यो त हाम्रो आफ्नो नै गुण हो र आफू भित्र नै छ । तर अनेकौं जन्ममा गरिएका संस्कारको प्रभावबाट ती गुण ढाकिएका छन् । हामीले यिनै अनादि सात गुणहरूको चिन्तन गर्नुपर्छ । किनकि जस्तो हाम्रो चिन्तन हुन्छ त्यस्तै हाम्रो जीवन बन्छ। जस्तो हामी सोच्छौं, त्यस्तै हामी बन्छौं । यसैले आत्म-चिन्तन, स्वचिन्तन गर्ने स्थितिमा रहनाले हामी आफू भित्रैबाट आफ्नो गुणको अनुभव गर्न सक्छौं । अनेक जन्म पछि लगातार शरीर बदल्दै-बदल्दै जाँदा हामी आफ्ना मूल गुणलाई भुल्दछौं जुन हामी आत्माहरूको स्वधर्म हो । अरू त सबै देहका धर्म हुन् र आफ्नो-आफ्नो सीमित हद सम्म नै स्वधर्मको प्राप्तिमा साधन मात्र हो । हामी आफ्नो आत्म-स्मृतिलाई भुलिसकेका छौं । जो ज्योति स्वरूप हो र भृकुटीको बीचमा निवास गर्दछ । यसको स्मृतिको लागि नै हामी टीका वा तिलक निधारमा नै लगाउँछौं । तर हामीले पक्का आत्म-स्मृतिको तिलक लगाइराख्ने अभ्यास गर्नुपर्छ अथवा राजयोगको अभ्यास गर्नुपर्छ । यो योग कुनै पनि ब्रह्माकुमारी सेवा केन्द्रमा निःशुल्क सिकाइन्छ ।

# शिव बाबा

विश्व शान्ति शर्मा, चैनपुर

कति धायौ मन्दिरहरू
कति भाकल गऱ्यौ देवतालाई
आऊ अब एकपल्ट
विश्वास गर्न शिव बाबालाई

काँडा जस्तो जीवनलाई
फूल जस्तो बनाऊ
२१ जन्मको लागि
आजैदेखि मार्ग खुलाऊ

सधैं योगमा बस
बाबालाई सम्झेर
जानेछन् तिम्रा सबै पापहरू
मयल झैं पखालिएर

जप ऊँ शान्ति
पाउनेछ मनले शान्ति
हिंड सधैं सुमार्गमा
हट्नेछन् मनका भ्रान्ति

नारीबाट लक्ष्मी बन्न
नरबाट नारायण
आजैदेखि जाने गरौं
शिव बाबाको शरण





# भ्रम

ब्रह्माकुमार सुदीप, ठमेल

वर्तमानमा समय तीव्र गतिमा दौडिरहेको जस्तो लाग्छ। हुनत समय परापूर्व कालमा त्यही गतिमा चलिरहेको थियो भने अहिले पनि त्यही गतिमा चलिरहेको छ । तर विज्ञान र प्रविधिको विकासले यस्तो अवस्था सृजना गरिदिएको छ कि समय नै तीव्र गतिमा दौडिरहेको छ जस्तो भान हुन्छ । सही अर्थमा त समय होइन हामी तीव्र गतिमा दौडिरहेका छौं । तर यो दौडको पछाडिको गन्तव्य के हो ? शायद यो मानव जाति कसैलाई पनि थाहा छैन होला ! थाहा भएको भए ऊ एक छिन टक्क अडिएर सोच्थ्यो होला आखिर पनि यो दौड के का लागि र किन ? तर यो अडिने र सोच्ने फुर्सत नै कहाँ छ र मानवलाई ! यहाँ सबै दौडिरहेका छन् त्यसैले म पनि दौडिनु पर्छ नत्र कतै... यति थाहा छ हरेकलाई । यो अन्ध दौडमा उसले कमाएको भन्दा गुमाएको धेरै होला तर पनि मानव एउटा भ्रममा बाँचिरहेको छ ।

भ्रम कै कुरा गर्दा अधिंकाश मानवलाई यो "मेरो" भन्ने भ्रम पैदा भएको छ । अरे ! यो शरीरै मेरो होइन रहेछ । एक दिन सबैले यसलाई छोड्नै पर्दो रहेछ भने फेरि मेरो घर, मेरी श्रीमती, मेरो छोरा, मेरो छोरी, मेरो... मेरो... उफ ! यो कत्रो भयंकरको भ्रम । न त मैले जन्मिदाँ यी सबै मेरा थिए न त अन्त्यमा जाँदा हुनेछन् । तर पनि हामी बाँचेका छौं भ्रमलाई नै सत्य मानेर । शायद यही कारणले हामी दुःखी छौं, अशान्त छौं तर पनि हामी यो भ्रमबाट मुक्तिको प्रयास नै गर्दैनौ । किनकि भ्रमै-भ्रमैको खेती गर्नमा नै हामीलाई फुर्सत छैन ।

बिडम्बना भनौं जीवनको उत्तरार्धमा जब मानवलाई यो चेतना जाग्दछ हेत्तेरिका मैले सारा जीवन नै बर्बाद गरेछु । तब न उसको शरीरले साथ दिन्छ, न धनले, न मनले । यो कस्तो नियति, सारा जीवनको बर्बादी त्यो पनि मर्ने वेलामा थाहा भयो । यो भन्दा ठूलो व्यावहारिक व्यंग्य अरु के हुन सक्ला र ! यो विशाल ब्रह्माण्डमा पृथ्वी त एउटा सानो धुलोको कण जस्तै हो । त्यसमा बस्ने अनगिनत प्राणी मध्ये हामी मनुवा एउटा इलेक्ट्रोन, प्रोटोन जस्तो भयौं तर पनि हामीलाई यो मेरो-मेरो को कत्रो अहंकार छ । सारा पृथ्वीमा यही मेरो-मेरोले हाहाकार मच्चाएको छ । कुन दिन यो मेरो-मेरोको भूतले समग्र मानव जातिलाई खरानी बनाउने हो भन्न सकिदैन ।

तसर्थ जागौं यो भ्रमबाट । छोडौं यो भ्रमको खेती गर्न । यो भ्रम भित्र लुकेको सत्यलाई चिनौं, जानौं, बुझौं, मानौं । भ्रम निवारक गोली आजको आवश्यकता हो, माग हो । आज विज्ञानले धेरै प्रकारको गोलीको विकास गरेको छ जसद्वारा धेरै प्रकारको रोग निको हुन्छ । तर

बाँकी अंश पेज २५ मा...

# अब घर पुरानो भयो

ब्रह्माकुमारी कविता, मनमैंजु

आजको कुरा होइन ५००० वर्ष पहिलेको कुरा हो । हामी नयाँ घरमा आएका थियौं । हाँस्दै खेल्दै आफ्नो लौकिक जीवनमा समय व्यतीत गरिरहेका थियौं । दिन बित्दै गयो प्रहर चढ्दै गयो, कला घट्दै गयो, अब हामी पुराना भयौ, हाम्रो घर पुरानो भयो । जब घर पुरानो हुन्छ, तब हामीलाई चिन्ता लाग्छ, अब के गर्ने होला, कसरी बस्ने होला, कहाँ जाने होला, यस्तै चिन्ताले सताउँछ । मनमा छटपटि हुन्छ के गरौ कसो गरौं । जब सम्म हाम्रो घर बस्न लायक हुन्छ, तब सम्म हामीलाई याद हुन्न कि यो घर एक दिन पुरानो हुन्छ । भर्खर घर बनाउँदा हामीले कुनै पनि फोहोर कचरा घरको वरिपरि आउन पनि दिदैनौं तुरुन्त सफा गरिहाल्छौं । घरमा कुनै पनि दाग नलागोस् भनेर बार-बार सफा गरिरहन्छौं । हाम्रो यति धेरै ख्याल, स्याहार-सुसार हुँदाहुँदै पनि प्रकृति प्रकोप तथा अफ्नै घरका सदस्यहरूको लापरबाहीको कारण घरमा दाग-धब्बाहरू देखिन थाल्छन् । शुरुशुरुमा त हामी पनि ध्यान दिएर सफा गर्छौं तर बिस्तारै यस प्रति ध्यान कम हुँदै जान्छ ।

हाम्रो चेतनामा ज्ञान रहे सम्म बेला-बेलामा रङ्गरोगन, लिपपोत पनि गर्छौं । तर समयको चक्र, प्राकृतिक प्रकिया सृष्टिको नाटक भित्र कसैको केही लाग्दैन, एकदिन त्यो घरको रूप-रङ्ग बाहिरबाट राम्रो देखिए पनि अन्तरदेखि नै पुरानो तथा जीर्ण भइरहेको हुन्छ । जब घर पुरानो भयो भन्ने भान घर धनीलाई पर्छ तब उसले घरको स्याहार-सम्भार गर्न नै छाडिदिन्छ । घरमा भएका फोहोर कचराहरूबाट विभिन्न प्रकारका कीरा फट्याङ्ग्रा तथा रोगबर्द्धक कीटाणुहरू निस्कन थाल्छन् । जसको कारण घरधनी बिरामी हुन थाल्छ । अशक्त हुन थाल्छ । यतिबेला सम्म पनि उसलाई ख्याल हुँदैन कि मेरो घर तथा वरिपरिको वातावरण खराब भयो अब म नयाँ घरमा सर्नुपर्छ । नयाँ घर निर्माण गर्नुपर्छ । न त उसमा जागरुक चेतना नै हुन्छ, न त सञ्चित धन नै, जसको उपयोग गरी नयाँ घर बनाउन सकियोस् । ऊसँग भएका चेतना तथा सञ्चित धन सबै रोग, शोक, भोक लगायतका व्यर्थमा नै समाप्त हुन्छ । उसलाई त्यतिबेला ज्ञान सम्म पनि हुँदैन कि म एक दिन नयाँ घरमा उत्साहका साथ उच्च जीवन स्तरमा रमिरहेको थिएँ । उसका स्मृति सबै पुरिएका हुन्छन् विकारी खादहरूले ।

ऊ छटपटाउँछ, कराउँछ, चिच्याउँछ, अतालिन्छ, अलमलिन्छ । आफूलाई यस विकारी घरबाट दूर कसरी लान सकिन्छ,

अनेकौं उपायहरू खोज्न थाल्छ । अनेकौं साधन र स्रोतहरूको उपयोग गर्न थाल्छ । यसबाट समस्या समाधान हुनको सट्टा झन् बल्झन्छ । अन्तमा ऊ निष्प्राण भए जस्तै हुन्छ र एकान्तमा रम्न पुग्छ । उसलाई कता कता शान्तिको आभास भए जस्तो लाग्छ । मनमा आनन्द प्राप्त भए जस्तो लाग्छ । तर ऊ सत्य के हो सम्झन सक्दैन । मात्र आनन्द लिइरहन्छ । यसै बीच उसको ज्ञानचक्षुमा कुनै उज्यालो किरण आएजस्तो लाग्छ ऊ उक्त किरणलाई पचाउने चेष्टा गर्छ । अनन्त प्रयास पछि उसले उक्त किरणको साकार उज्यालो रूप प्राप्त गर्छ । उसले थाहा पाउँछ कि त्यो साकार रूप अरू कोही नभएर उसकै परमपूज्य पिताजीको हो । परमपिता परमात्माको असीम प्यारले ऊ आनन्द विभोर हुन्छ र उनमा नै हराउन थाल्छ । परमपिता परममात्मा शिव बाबाले सृष्टि र यसभित्र रहेका सबै रहस्य बताउनुहुन्छ । ऊ कहिले बाबाको कुरा सुन्न तत्पर रहन्छ कहिले ब्यर्थ सम्झन्छ । किनकि ऊ यस फोहोरी घर संसारमा रहन अभ्यस्त भइसकेको हुन्छ । उसलाई यही संसार ठीक लाग्छ र बाबासँग विमुख हुने कोशिस गर्छ । बाबाका हरेक कुराहरूबाट आनन्दको शान्तिको महसुस भइरहेको हुन्छ र पनि बाबामा निश्चय गर्नै सक्तैन । ऊ संशयपूर्ण हुन्छ र बाबाबाट टाढा रहने कोशिस गरिरहन्छ ।

यस्तो अवस्थामा पनि बाबा अत्यन्तै प्यारको आभास दिदै उसलाई सम्झाउने कोशिस गर्नुहुन्छ । "बच्चे, तिमी अभ्यस्त छौ नै फोहोरी दुनियाँमा । त्यसैले तिमीलाई मेरो कुरा सहज स्वीकार्य हुँदैन । जब तिमीलाई यस ड्रामाका सबै कहानी थाहा हुन्छ, त्यसपछि तिमी स्वयं मेरो पछि पछि लाग्नेछौ । हेर जुन कुनै कार्यमा पनि सफलता पाउनको लागि त्याग गर्नुपर्छ । विना त्याग कुनै पनि नयाँ प्राप्ति हुन असम्भब छ । नयाँ र पुरानो एकसाथ रहन सक्दैन । नयाँ प्राप्तिको लागि पुरानो त्याग गर्नु अपरिहार्य रहन्छ । म पनि तिमीलाई विकार त्याग गर र त्यसको सट्टामा दैवी गुण धारण गर यतिमात्र भन्न चाहन्छु । जसबाट तिमीलाई स्वर्गीय आनन्द मिल्छ । हेर, एक पुतलीले आफूलाई पुतलीको रूपमा पहिचान दिनको लागि कति त्याग गरेको हुन्छ । एक हाँगाबाट अर्को हाँगामा पुग्न घण्टौ समय लाग्ने, झारपात खाएर आफ्नो जीवन गुजारा गर्ने, देख्दैमा डरलाग्दो झुसिलकीरा आफ्नो त्याग र तपस्याले पुतलीको स्वर्गीय संसारमा रम्न पुग्छ । झुसिलकीरा खानपान छाडेर कठोर तपस्यामा रहन्छ, जुन अवस्थालाई प्युपा अवस्था भनिन्छ । यो बन्दी जीवननै ज्ञानको जीवन हो । यही जीवनमा उसले संसारिक मधुरता र रमणिकताको ज्ञान प्राप्त गर्दछ । यो लामो ब्रतको अन्तरालमा उसमा नयाँ सोच विचार र शारीरिक परिवर्तन पनि हुन्छ । यस कठोर तपस्या पछि नै देख्दा छुँदा विष छर्ने झुसिल्कीरा सर्वप्रिय पुतली बनेर निस्कन्छ । कसैले अनुमान गर्न पनि सक्दैन कि झुसिल्कीरानै पुतली हो । उसको खान-पान-विधि व्यवहारमा नै आमूल परिवर्तन हुन्छ । जो झुसिल्कीरा जीवनलाई नै

माया गरिरहन्छ ऊ सधैं सोही जीवनमा रहन्छ। जो केही समयको त्याग र तपस्यामा आफूलाई समर्पित गर्छ पुतली भएर सारा बागवानको भोग्य बन्दछ । सबैको आखाँको नानी र जीवनको पानी बन्न पुग्छ। त्यसैले तिमी पनि याद गर भुसिल्कीरा भएर बस्नु छ या पुतली त्यो तिम्रो नै हातमा छ। म त केवल द्रष्टा हुँ तिमीलाई मार्ग देखाउनेवाला जे गर्नु छ तिमीले नै गर्नु छ । यदि तिमी मेरो मार्गमा हिड्न चाहन्छौ भने म भरपूर सहयोग गर्नेछु। आऊ हातमा हात समाऊ।" बाबाको यस्तो कुरा सुनेर ऊ असाध्यै प्रभावित हुन्छ र आफूलाई नारकीय जीवनबाट मुक्त बनाई स्वर्गीय आनन्द तर्फ उन्मुख गराउन चाहन्छ । यो पुरानो घरलाई छाडेर नयाँ घरमा जाने सपना बुन्न थाल्छ । भत्किएर क्षत-विक्षत भएको आफ्नो घरलाई टालटुल पारेर बस्न लायक बनाउँछ। जसरी कठोर तपस्याबाट पुतलीले स्वतन्त्रता, आनन्द, सम्मान र सेवाको अवसर पाएको छ, हो उसैगरी  आफूलाई तयार गराउने निश्चय गर्दै सारा विकारको त्याग गरी दैवी गुण धारण गर्न तत्पर रहन्छ। अब उसलाई पूर्ण निश्चय भएको छ कि म मेरो बाबाको साथ नयाँ घर नयाँ स्वरूप धारण गरेर जानु छ, त्यसैले मैले त्याग गर्नु छ। यही स्वमानका साथ ऊ सहज योगी जीवन यापन गर्न सक्षम भएको छ।

२२ पेजको बाँकी अंश ...

अपसोच कुनै त्यस्तो गोली उसले निकालेको छैन जसबाट यो भ्रमको निवारण होस् । के होला त्यस्तो गोली – त्यो हो – स्वयम्को सत्य बोध, स्वयम्को सत्य पहिचान, स्वयम्को साक्षात्कार । जसरी नारदलाई दर्पणमा सत्य साक्षात्कार भए जस्तै । हो, हामीलाई पनि त्यस्तै दर्पणको आवश्यकता परेको छ जसले हाम्रो आफ्नै सत्य पहिचानलाई देखाओस् न कि यो बाँदर जस्तो मुखाकृति। यो मुखाकृति भित्र लुकेको सत्यलाई साक्षात्कार कसले गराइदेला ?

मानवको अहोभाग्य भन्नुपर्ला स्वयम् परम पुरुष, पुरुष विशेष, सृष्टिका नियन्ता, ज्ञाता, वर्तमान समय साकार सृष्टिमा आएर यो सत्यको साक्षात्कार गराउँदै हुनुहुन्छ। "मनमनाभव, मामेकम्" को गोली दिएर यो भ्रमबाट मुक्त गराउँदै हुनुहुन्छ। हामी इतिहासको त्यो घडीमा आइपुगेका छौं जसको इतिहास न त कुनै इतिहासको पुस्तकमा छ न त कुनै धर्मशास्त्रमा। त्यो हो साक्षात् परमपिता परमात्मा शिवको साकार मानवीय तनमा अवतरण । सर्व ज्ञान मुमुक्षुहरू, सर्व भक्तहरू र मनुष्यात्मा समग्रका लागि यो अत्यन्तै सुखद घडी आइपुगेको छ। जन्म-जन्मान्तरको प्यास मेटाउने, प्रभु मिलनको सर्वोत्तम प्राप्तिबाट अनुग्रहित हुने । तसर्थ हे मनुष्यात्माहरू जागौं, चिनौं र मौकामा हीरा फोरौं । समय कम छ मृत्यु शिर माथि छ। अहिले नगरे कहिल्यै पनि प्राप्त हुने छैन।

# मेरो अलौकिक जीवनको पहिलो प्राप्ति : मनको शान्ति

रमण, कुपण्डोल

जीवनको केही रहस्य बुझेर साह्रै रमाइलो त लागिरहेको थियो तर म को हुँ ? मेरो वास्तविकता के हो ? त्यसको यथार्थ रहस्य बुझ्न सकिरहेको थिइनँ । जीवनमा थुप्रै कुराको प्राप्ति त भएको थियो तर मेरो जीवनको लक्ष्य के हो ? यो सृष्टि के हो ? यो कसरी चलेको छ ? सृष्टिका रचयिता को हुन् ? आदि सबै प्रश्नहरू अनुत्तरित नै थिए त्यसैले मन-बुद्धिको तलाउ छचल्किरहेको थियो । कतै न कतै भट्किरहेको थियो । नाभिमा वासनादार तत्व भएर पनि त्यसैको खोजीमा दौडिरहेको कस्तुरी मृग समान रहेको थिएँ । मलाई वास्तविक शान्ति, शाश्वत शान्ति र भित्री शान्तिको जुन यथार्थ अनुभव हुनुपर्ने थियो त्यो कता-कता नभएको महसुस भइरहेको थियो । त्यसको खोजी थियो तर पाइरहेको थिइनँ । समय-समयमा ट्रेनिङको सिलसिलामा देश-विदेशको पनि भ्रमण गरिरहन्थे । शुभचिन्तक मित्रहरूको निम्तोलाई स्वीकार गर्दै भिन्न-भिन्न संघ-संस्थामा पनि गइरहन्थें ।

यस्तै विजय भाइजीको निम्तो पाएर चन्दन भाइजी सँग हेटौडा स्थित मानव सेवा आश्रमको अवलोकन र ब्रह्माकुमारीजद्वारा संरक्षित साना नानीहरूका लागि स्थापित चिल्ड्रेन पार्क इलाइब्रेरी सेन्टरको उद्घाटन समारोहमा उपस्थित हुने र ओमशान्तिले आयोजना गरेको उत्प्रेरणात्मक तालिममा सहभागी हुने र हाम्रो सेवा मुखी उद्देश्य बारे जानकारी दिने हाम्रो सदनको लक्ष्य थियो । सबै कार्यक्रम बडो भव्यताका साथ सम्पन्न भए । ब्रह्माकुमारीको प्रातः दिनहुँ क्लास हुँदो रहेछ । त्यहाँ भएको मौकामा म पनि सबै सँग क्लासमा उपस्थित भएँ । मुरलीको क्लास पछि सुशीला दिदीले मलाई संकेत गर्दै भाइले पनि आफ्नो अनुभव बताउनुपर्छ भन्नुभयो । ठाउँ-ठाउँमा ट्रेनिङ गर्दै आएको हुनाले क्लास गराउनु, अनुभव सुनाउनु मेरो लागि त कुनै नौलो कुरा थिएन । आफ्नो कार्य र पेशा नै त्यही थियो । यो कुरा मेरो लागि साह्रै सहज नै हो जस्तो लागेको थियो । तर बोल्दै जाँदा आफैलाई अलि अप्ठयारो भएको महसुस भयो । त्यस बेला सम्म ब्रह्माकुमारीजको कुनै पनि क्लास, कोर्स र लिट्रेचरको समेत अध्ययन गरेको थिइनँ । त्यसैले असहज महसुस हुनु स्वाभाविक थियो । कुनै पनि स्थानको केही पनि अध्ययन नै नगरी एकाएक अनुभव सुनाउनु एक प्रकारको चुनौती नै हुन्छ । आफ्नो विषयमा त अभ्यस्त भइसकेको थिएँ सल्ल बगेर जान सक्छु तर एक चोटी पनि अध्ययन नगरेको विषयमा बोल्न सोच्नुपर्ने नै हुन्छ त्यो त्यहाँ अनुभव भयो । मैले अनुभव त सुनाएँ तर त्यसको केही जानकारी त लिनै पर्छ भन्ने पहिलो महसुसता त्यहाँ भयो ।

रेवती बहिनीज्यूले बारम्बार बाबा शव्द उच्चारण गरिरहनुभएको थियो तर म अलमलमा

परिरहेको थिएँ बाबा भनेका को हुन् ? सृष्टिका रचयिता बाबा हुन् वा लौकिक जन्म दिने बाबा हुन् भित्र-भित्रै संकोच लागिरहेको थियो । एक पटक फेरि पनि बाध्य गरायो जसको घरमा आएर जसको कृपाले कार्यक्रम गरिरहेको छु त्यही कुरा थाहा नपाउनु भनेको आज सम्म मलाई सत्यको यथार्थ जानकारी नहुनु जस्तो लागि रहेको थियो । त्यहाँ समय थोरै नै थियो मैले धेरै जिज्ञासा राखिनँ तर जान्नुपर्छ भन्ने उत्सुकता त लागिरह्यो ।

अर्जुन भाइजीले पनि निकै ठूलो प्रेरणा दिनुभयो । यस प्रकार मेरो जीवन परिवर्तनको लागि ठूलो सतसङ्ग नै हेटौडा भयो । साथै जुन अभिप्रायले म त्यहाँ गएको थिएँ त्यो कार्यक्रम पनि साह्रै उपयोगी, हृदयस्पर्शी र प्रभावकारी भयो । त्यहाँबाट विदाबारी भएर फर्कें ।

ब्रह्माकुमारीको साप्ताहिक कोर्स म पक्कै गर्छु भनी अठोट लिएर आएको भए पनि समय, परिस्थिति र अन्य कार्यक्रमले अलि लम्ब्यायो । त्यहाँबाट आएको केही दिनमा नै युरोपको एक महिने कार्यक्रम थियो । जानै पर्ने बाध्यता र पूर्व निर्धारित कार्यक्रम पनि थियो । त्यहाँबाट फर्किने बित्तिकै पहिलो काम ओमशान्तिको साप्ताहिक कोर्स गर्छु भन्ने अठोट छदै थियो । युरोपको सफल कार्यक्रम र सफल भ्रमण पछि पहिलो थाती राखेको काम साप्ताहिक कोर्सको तयारीमा जुटे । त्यसको लागि ब्रह्माकुमारीको ठमेल सेवा केन्द्रमा सम्पर्क राखें ।

कोर्सको शुरुआत तिलक भाइजी मार्फत भयो । उहाँले मेरो परिचय लिइ सकेपछि सोध्नुभयो कोर्स संक्षिप्तमा पनि गर्न सकिन्छ र विस्तृतमा पनि तपाईंको अनुकूलता कस्तो छ ? समय छोटोमा पनि लामोमा पनि यसमा व्यस्तता कति छ ? मैले भनें म सँग प्रशस्त समय छ र तपाईंको अनुकूलता भए म विस्तृतमा नै लिन चाहन्छु । उहाँले कोर्स गराउँदै जानुभयो । बडो शान्त र अलौकिक तरिकाले सिकाउनुभयो । अध्ययनको क्रममा धेरै पटक मन हर्षले गद्गद भएको महसुस भयो । हर्ष विभोरका मोती आँखाबाट नछचल्केका पनि होइनन् तर आँखाको डिलमा आउँदै मुटु तिर गुड्दै गए । मैले खोजेको चिज नै पाएँ । जुन प्रश्नहरू अनुत्तरित थिए ती सबैको एक-एक उत्तर मिल्दै गए मन शान्त हुँदै गयो । उहाँले बारम्बार केही प्रश्न छ कि भनेर सोध्नुहुन्थ्यो तर म तृप्त भइसकेको थिएँ आज सम्म केही छैन भए सोध्छु भन्थें । कोर्सको अन्त्य सम्ममा पनि मैले सोध्नुपर्ने केही प्रश्न नै रहेनन् त्यसैले पनि म प्रसन्न रहें ।

कोर्स भरसक नछुटोस् भन्ने कामना गर्थे तर कहिले काहीं कार्यक्रम वा तालिममा जानैपर्ने बाध्यता भए अध्ययनरत कुराको निरन्तर अभ्यास गर्दै रहन्थे । कोर्स पूरा हुँदा मन शान्तिले धपक्कै भयो, हृदय खुशीले विभोर भयो । कोर्स पछि मैले प्राप्त गरेको पहिलो अनुभव परम शान्ति अनि परम आनन्दको अनुभूति ।

मैले चन्दनजीलाई सोधें यति रमाइलो र जीवन उपयोगी जुन शिक्षा पाएँ त्यसको बदलामा म के सहयोग गर्न सक्छु ? उहाँले भन्नुभयो कोर्स त निःशुल्क नै हो तर इच्छा भए सेवा गर्न सकिन्छ तर आरम्भमा बाबालाई भोग लगाउँदा राम्रै हुन्छ । कोर्स पछिको बिहिवारमा भोग लगाएँ त्यसबेला पनि छुट्टै आनन्द भयो ।

कोर्स पछि शुरुको लगभग एक महिना ठमेलमै मुरली क्लास गरें । त्यसपछि कुपण्डोल

नजिकै पर्ने हुँदा त्यही जान्छु । निरन्तर मुरली अध्ययन, ध्यान, सतसङ्ग र ज्ञानवार्ताले मेरो जीवन अत्यन्त लाभदायक र उपयोगी भएको छ । शिवबाबाको अनुकम्पा भनौ वा वरदान नै भनौ प्राप्त भए भ्रै लाग्छ । निक्कै प्रफुल्लित छु ।

मलाई मानव सेवा, समाज सेवामा निकै रुचि छ । अब विश्व सेवाको प्रसंग पनि जोडिदै छ । यसको लागि ज्ञान र योगको गहिराइमा जानुपर्ने अनि कलियुगी तमोगुणी संस्कारलाई सत्ययुगी सतोप्रधान संस्कार बनाउनुपर्छ भन्ने कुरा पनि बुझ्दै छु । यसको लागि च्यारिटी बिगन्स एट होम  भने झैं घरबाटै शुरुआत गर्दैछु । हालसालै मेरी लौकिक दिदीले साप्ताहिक कोर्स सकिन् । मेरो युगलले ठमेलमा नै  तिलक भाइजी मार्फत कोर्स गर्दै छन् । घरै अलौकिक र आश्रम जस्तो भएको छ ।

हामीले    लौकिक जीवनमा गरेको कर्मको फल वा लाभ तत्कालै देखिने गरी प्राप्त भएको मलाई सम्झना छैन तर यो अलौकिक जीवन यात्रामा एकको हजार गुणा लाभ भएको मैले प्रत्यक्ष पाएको अनुभव छ । त्यसैले होला सुदामाको चामल मुट्ठीको गायन । अब बाबाका पुराना बच्चाहरू त अनुभवी हुनुहुन्छ तर नयाँ बच्चाहरूले आउन ढिलो नगर्न र आएपछि दृढ अठोट लिई अध्ययन गरेमा एकतर्फी मात्र होइन चौतर्फी लाभ हुने कुरा मेरो अनुभवबाट बताउन सक्छु ।

यहाँ एक प्रेरक प्रसंग राख्न चाहन्छु । एक खरायोले सिंहलाई इनारमा डुबाएको प्रसंग सबैलाई थाहा छ तर यसको दोस्रो प्रसंग अझ रोचक छ । अब सिंह ज्ञानी, योगी र सात्विक भइसकेको छ  तर खरायो अशान्त स्वभावको छ । एक दिन खरायोले सिंहको आहारा बुझाउन जाँदा बाटोमा यो सिंहलाई कसरी झुक्याउने, इनारमा फसाउने वा ठग्ने भन्ने सोच्दै अर्को महाराजलाई भेटाएको कुरा खेलाउदै सिंह कहाँ ढिलो पुग्यो ।  अहिले सिंह बडो गहिरो चिन्तन, ध्यान र योगमा रमाएका थिए, तल्लीन थिए, मस्त थिए । उनी सम्पूर्ण सात्विक भइसकेका थिए । खरायोले सिंहलाई जगाउँदै अर्को सिंह भेटाएको प्रसंग के राखेको थियो सिंहले भने मित्र तपाईं जान्नुहुन्छ, तपाईं को हो ? तपाईंको लक्ष्य के हो ? यस दुनियाँमा किन आउनुभएको हो ? खरायो त अवाक् भयो । सिंहले खरायोलाई भने अब उप्रान्त तपाईं म देखि डराउनु पर्दैन । मैले आध्यात्मिक ज्ञान लिएर योगको आनन्दमा डुब्दै छु । त्यसैले हामी ढुक्क सँग सँग-सँगै बाचौं, खाऔं, हासौं, नाचौं । अब म पूरै सात्विक भइसकेँ बरु आज तपाईं र म सँगै भोजन ग्रहण गरौं भन्दै भोजन गरे अनि खरायोलाई धेरै सम्झाएर विदा दिए ।

कहानीमा सिंह सात्विक भयो भनी सुन्दा असम्भव जस्तो लाग्छ तर सत्ययुगमा सिंह र गाई, बाघ र बाख्रा सँगै एउटै तलाउमा पानी पिउँथे । कलियुग पछि नै सत्ययुग आउँदै छ । त्यसैले हामी पनि आफ्नो संस्कार  परिवर्तन गरेर सात्विक बनाऔं सत्ययुगको अधिकारी बनौं । यसको अभिप्राय यही हो ।

अन्त्यमा साह्रै लाभकारी, प्रभावकारी र उपयोगी शिक्षा दिएर जीवनमा नयाँ मोड ल्याउन मदत गर्नुभएकोमा ओमशान्ति परिवार प्रति आभार प्रकट गर्दछु ।



# प्रकृतिको पुकार

बी.के सन्तोषी, ठमेल

मानव प्रकृतिको उपज हो । प्रकृति र आत्माको सामञ्जस्यबाट जीव जगत् बनेको छ । चराचर जीवजगत्मा पनि यस संसारलाई मानव जगत्को नै संज्ञान दिइन्छ किनकि जीवजगत् मध्येको सर्वश्रेष्ठ प्राणीको रूपमा मानव यस जगत्मा उभिएको छ । आत्मा र प्रकृतिको सामञ्जस्यबाट मानवले यस संसारमा जीवनको शुरुवात गर्दछ । र अन्तत प्रकृतिको सौगातलाई प्रकृतिमै सुम्पिएर मानव आत्मा संसारबाट बिदा हुन्छ । करोडौं प्रजातिका जीवहरू संसारमा विद्यमान हुँदाहुँदै पनि यस संसारलाई मानव संसारको संज्ञा दिंदा हामीलाई जिज्ञासा उत्पन्न हुन्छ त्यो पनि स्वाभाविक नै हो तर वास्तविक यथार्थलाई यदि कोट्याउने हो भने यो भनाइ सही नै लाग्दछ किनकि मानवले नै यस संसारका जीवजगत्लाई चलाएको छ। त्यसैले प्रकृतिको परिवर्तनले दिने लाभ र हानीको महसुस अधिकतर मानवले नै गर्दछ ।

सांसारको भौगोलिक इतिहासलाई एकपटक फर्केर नियाल्ने हो भने मानव जगत् र प्रकृतिको शुरुवात कहिले भयो भन्ने कुरामा वैज्ञानिकहरूले लाखौं खोज र अनुसन्धानहरू गरी अनेकौं तर्क-वितर्कहरू संसारका अगाडी प्रस्तुत गरेता पनि यसको वास्तविक कुरालाई कसैले पनि प्रस्ट्याउन सकेको छैन किनकि संसारका तीन सत्ताहरूलाई अविनाशी सत्ताको रूपमा लिइएको छ । आत्मा, परमात्मा र प्रकृति । त्यसमध्ये पनि आत्मा र प्रकृति सत्ताको लागि भने परिवर्तनको चक्र निश्चित नै छ । संसारका हरेक चीजहरू परिवर्तनका चक्रमा घुम्ने गर्दछन् । जसरी मानव पनि यस जगत्मा जन्म लिन्छ क्रमश युवा, गृहस्थ र वृद्ध हुँदै आखिर एक दिन संसारबाट बिदा हुन्छ तर प्रकृतिका पिण्डहरूलाई लिएर संसारमा खेल खेल्ने आत्माको भने न नाश हुन्छ न यसको रूप र आकारमा परिवर्तन नै । तर अचम्मको कुरा आत्माको गुण र शक्तिमा भने निरन्तर रूपमा क्षीणता आउँदै जान्छ । साथ-साथ जति जति मानव आत्माको गुण र शक्तिमा क्षीणता आउँदै जान्छ क्रमश प्रकृतिको स्वरूपमा पनि त्यसै अनुसारको परिवर्तन आउँदै जान्छ किनकि हाम्रो हरेक संकल्प र कर्महरूको प्रभाव प्रकृतिमा निरन्तर रूपमा पर्दछ । यस संसारको इतिहासको प्रथम अवस्थाको आधा भाग २५०० वर्ष सम्म प्रकृति आफ्नो सतोप्रधान अवस्थामा विद्यमान थियो किनकि त्यस समयमा हरेक मानव आत्माहरू आफ्नो सर्वोत्तम सतोप्रधान अवस्थामा थिए । प्रकृतिका पाँचै तत्वहरू (जल, वायु ताप, आकाश र जमीन ) मानवका दासी

थिए । तर वर्तमान समयमा यही प्रकृतिका पनि मानव दासी भए ।  मानव प्राकतिक विपत्तिको शिकार बन्दै आएको छ । कहिले बाढी, कहिले भूकम्प, कहिले आँधि बेहरी त कहिले आगलागी । साथसाथै समय प्रतिसमय हामीले प्राकृतिक अस्थिरताको बारेमा सुन्दै आएका छौ । यी प्रकोप र प्राकृतिक अस्थिरताहरूको कारणहरूलाई खोजी गर्दा मानवले प्रकृतिप्रति गरेको दुर्व्यवहार नै देखिन्छ। जुन गलत कर्महरू मानव आत्माले आफ्नो तमोप्रधान अवस्थामा गर्दछ ।

हुनत नियतिको खेललाई कसैले टार्न सक्दैन तर नियतिले निम्त्याएको खेललाई हर कोहीले चाहेर पनि नचाहेर पनि खेल्नै पर्दछ र त्यो पीडालाई झेल्नै पर्छ। मानवले आफ्नो विवेक र बुद्धिको प्रयोग गरी हरेक चीजको स्वरूपलाई परिवर्तन गर्दै आयो। आफ्नै बुद्धिको प्रयोग गरेर आफू चरा जस्तै आकाशमा उड्यो जमीनमा गुड्यो समुद्रको गहिराइ र तैराइ दुवैको अनुभव पनि भयो । भौतिकतामा मात्र मानव सीमित रहेन उसले समृद्धिकै लागि एक अर्कामा सम्बन्ध पनि जोड्यो र दुःख-सुख सबैको अनुभव गऱ्यो र गरायो पनि तर कुदरतको खेलले २ मिनेटमै उसका दुई शताब्दीदेखि बनाएका संरचना सम्बन्ध सबैलाई ध्वस्त पारिदियो । त्यसैले नै यस संरचनालाई खेलको संज्ञा दिइएको होला । वर्षौंदेखि बनाएका सँगसँगै मानवका सपनाका महलहरू पनि तहसनहस भए। कसैले जीवनका साहारा गुमाए कसैले जीवनभरका लागि मुस्कान गुमाए। ज्यान गुमाउनेले त केवल एक ज्यान गुमाए तर जसले ज्यान बचाए अब ऊ सँग केही रहेन । न केही साहारा बच्यो न केही आधार । जसले हजारौंलाई आश्रय दिन्थ्यो ऊ केवल चार बाँसको खम्बा र पातलो पालमुनि अडिएर रहेको छ । यस्ता हजारौं इतिहासहरू हाम्रा अगाडि आजसम्म पनि जीवन्त नै छन् । यदि यी विपत्तिहरूको कारणलाई खोज्ने हो भने हामीले आफ्नो स्वार्थ पूर्तिको लागि प्रकृतिमाथि गरेको दुर्व्यवहार नै स्पष्ट हुन्छ । हामीले प्रकृतिको स्वरूपलाई यस्तो पारिसक्यौं अब भोलिका दिनमा प्रकृतिले झन् ठूलो प्रकोप नित्याउनेवाला छ ।

त्यसैले अब समय र इतिहासले नै कोल्टो फेर्दै छ । प्रकृतिले आफ्नो सतोप्रधान स्वरूपको माग गर्दै छ । अब यी कुराहरूलाई मनन गर्दै गम्भीर रूपबाट हामीले प्रकृतिप्रति सत् व्यवहार गर्नुपर्ने भएको छ । साथ साथै प्रकृतिका प्रति परमात्मा पिताको पनि यही आदेश रहेको छ हे प्रकृतिका मालिक मानव आत्माहरू अब म पतित पावन परमात्माको स्नेहयुक्त याद  स्वयं र प्रकृतिलाई सतोप्रधान बनाऊ तब जसरी श्रीकृष्णको चरण चुम्नको लागि यमुना नदी तड्पिएको थियो त्यसैगरी समयको आधा भाग कालखण्ड हामीलाई कुनै पनि प्रकारको प्राकृतिक प्रकोप निम्तिने छैन त्यसैले आऊ हामी सबै मिलेर सतोप्रधान प्रकृतिको निर्माण गरौं ।



# मूल्य शिक्षामाला (३)

मूल्यलाई विभिन्न प्रकारसँग परिभाषित गर्न सकिन्छ । तल दिइएका केही परिभाषाहरूमा मानव जीवनको स्तरलाई बौद्धिक एवं सांस्कृतिक सन्दर्भमा तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ ।

१. **सौन्दर्यात्मक मूल्य** (Aesthetic Values)

सर्वोच्च सत्ता  (The Divine) को सुन्दरताको अभिव्यक्ति कलाको माध्यमले गर्नु सौन्दर्यात्मक मूल्य हो । जहाँ प्रकृति एवं ब्रह्माण्डको सुन्दरतामा सर्वोच्च सत्ताको सुन्दरताको अवलोकन गरिन्छ त्यहाँ, त्यसको यथार्थ निरूपणको लागि ध्वनि, आकार, रंग एवं गतिको लयलाई महत्व दिइन्छ । "सर्वोच्च सत्ता" को अभिव्यक्ति हाम्रो प्राचीन वास्तुकलामा, धार्मिक स्मारकहरूमा एवं भवनहरूको माध्यमबाट गरिएको पाइन्छ । एक नारी अथवा पुरुषको सुन्दरतालाई प्रदर्शित गर्नको लागि "निष्कलंक एवं पूर्ण समानुपातिक" चित्रहरूको माध्यमबाट सर्वोच्च सत्ताको सुन्दरताको सौन्दर्य दृष्टिको झलक मिल्दछ । रेखाहरू, आकारहरू, रङ्गहरूको समायोजन, समानुपात एवं पदार्थको चयनले मनुष्य आत्माहरूमा सुखद प्रभाव पर्दछ । सौन्दर्यात्मक मूल्यले सममितता (symmetry), सुसंवादिता, सुन्दरता एवं यिनको आत्मामा पर्ने लाभकारी प्रभावहरू प्रति हाम्रो सम्वेदनशीलतालाई दर्शाउँछ ।

२. **कलात्मक मूल्य** (Artistic Values)

कलात्मक मूल्यहरूको अभ्युदय सौन्दर्यात्मक मूल्यहरूबाट भएको हो र यसले बौद्धिकता एवं कलात्मकतातिर संकेत गर्दछ । कलात्मक मूल्य विशेषज्ञहरू, समालोचकहरू, पेशागत कलाकारहरू एवं सजावट सँग सम्बन्धित मूल्य हो । समयको हिसाबले "कलात्मक मूल्य" बदलिइरहन्छन् कला अधिक शास्त्रीय हुन्छ भने त्यो सौन्दर्यात्मक मूल्यको अधिक निकट आउँछ ।

३. **व्यावसायिक मूल्य** (Corporate values)

आफ्नो व्यापारिक पहिचान एवं निष्ठाको विकासको लागि "व्यावसायिक मूल्य" लागू गरिन्छ । व्यावसायिक मूल्यले कुनै व्यापारिक प्रतिष्ठान विशेषको लक्ष्यलाई स्पष्ट गर्दछ । यस अन्तर्गत शिष्टाचारपूर्ण मानवीय व्यवहार र कार्य संस्कृति आउँछ । यो मूल्यले गुण, योग्यता र उपयुक्तताको आधारमा उन्नतिको मार्ग प्रस्तुत गर्दछ । व्यावसायिक मूल्य व्यापारिक माहौलमा लागू गरिने स्वीकृत व्यवहार, प्रभावोत्पादक वार्तालाप, कार्यकुशलता, उत्पादकता, धन, योग्यता, उपभोक्ताहरूको जीवन स्तरलाई उठाउनको लागि उच्च स्तरीय उत्पादन एवं वितरण आदि सँग सम्बन्धित हुन्छ ।

४. **सांस्कृतिक मूल्य** (Cultural values)

हाम्रो सांस्कृतिक मूल्यले आधुनिक कालको भौतिकवादी संस्कृतिबाट प्रभावित भएका सांस्कृतिक उत्सवहरू, समारोहहरू, परम्पराहरू एवं जीवन शैलीको संरक्षणलाई सर्वाधिक

महत्व दिन्छन् । सांस्कृतिक मूल्यले हाम्रो भाषा, व्यवहार, तथा बैवाहिक एवं दाह संस्कारहरू जस्ता परम्परागत रीति-रिवाजहरूलाई कायम राख्दछ। सामान्यतया यस अन्तर्गत कला, साहित्य शिल्पकला एवं संगीत आउँछ । साथै यसले उत्सवहरू, चाडपर्वहरू तथा अतिथिहरूको स्वागतको सम्बन्धमा भोजन, परिधान, आतिथ्य, आचार संहिता एवं स्वागतको परस्परालाई निर्धारित गर्दछ ।

५. **आर्थिक मूल्य** (Economic values)

"आर्थिक मूल्य" शुद्ध रूपले धनोपार्जन सँग सम्बन्धित हुन्छ । वर्तमान समयमा मनुष्यको मूल्य प्रायः उसको कार्य क्षमता एवं उसको उत्पादकताको आधारमा निर्धारित गरिन्छ । धनोपार्जनद्वारा राम्रो साधन प्राप्त गर्नु, अधिकतम आर्थिक लाभयुक्त जीवन यापन गर्नु एवं आर्थिक सम्पन्नताको आधारमा सुरक्षा प्राप्ति देखि लिएर उच्च स्तर दर्शाउने साधनहरूको संग्रह गर्नु आदि हाम्रा आर्थिक मूल्य हुन् ।

५. **वातावरणीय मूल्य** (Environmental values)

"वातावरणीय मूल्य" ले प्रकृतिका तत्वहरू प्रति आदरको भाव तथा परिस्थितिको सन्तुलनलाई प्रदर्शित गर्दछ । यस अन्तर्गत वनस्पतिहरूको साथ-साथै पशु, पंछी एवं खास गरी किटाणुहरूका ती प्रजाति आदिको सुरक्षा गरिन्छ जुन लोपोन्मुख स्थितिमा पुगिसकेका छन् । यस मूल्यले वातावरण प्रदुषण गर्न अथवा विषाक्त बनाउन बाट रोक्ने शिक्षा दिन्छ । वातावरणीय मूल्यले प्रकृतिप्रति सम्मान तथा परम्परागत स्रोतको संरक्षण गर्न उत्प्रेरित गर्दछ । खानीजन्य एवं औद्योगिक उपयोग पश्चात् छोडिएको भूमिलाई पुनः पूर्ववर्ती स्तरमा ल्याउनु पनि वातावरणीय मूल्य हो ।

६. **नीति शास्त्रीय मूल्य** (Ethical values)

"नीति शास्त्रीय मूल्य" नैतिक सिद्धान्तहरूको एक समूह हो जुन विशेष व्यक्तिहरू, व्यावसायिकहरू अथवा मानवीय व्यवहार हरूको आचरण वा कार्य व्यवहारद्वारा अभिव्यक्त हुन्छ । नीति शास्त्रीय मूल्य मनुष्य अनिवार्य रूपबाट आध्यात्मिक प्राणी हो एवं ऊ आन्तरिक रूपबाट मूल्यवान् छ भन्ने चेतनामा आधारित हुन्छ । नीति शास्त्रीय मूल्यले संयम, अहिंसा, सत्यनिष्ठा, न्याय एवं इमानदारीको माध्यमबाट मानवीय अधिकारहरूको आदर गर्दछ । मूल्यहरूको पदानुक्रममा आध्यात्मिक मूल्य एवं नैतिक मूल्यको स्थान सबैभन्दा उच्च छ । नीति शास्त्रीय मूल्यहरूबाट सम्पन्न व्यक्ति विश्वसनीयका साथसाथै आदरणीय पनि हुन्छन् । यी मूल्यहरूलाई लागू गर्नको लागि मनुष्य भित्र नैतिक साहस हुनु आवश्यक छ । नैतिकवान् व्यक्तिले आर्थिक, भावनात्मक र सामाजिक सुरक्षाको मूल्य चुकाएरै भए पनि आफ्नो नैतिकतालाई त्याग्ने कुनै पनि प्रकारको सम्झौता गर्दैन ।

(ॐ **शान्ति सन्देश ब्यूरो**)

(ब्रह्माकुमारीजद्वारा सञ्चालित अन्नामलाई विश्वविद्यालयको मूल्य शिक्षा एवं आध्यात्मिकता विषयको पाठ्यक्रममा आधारित) क्रमशः


























१) मलेखु, धादिङ : पूर्व युवराज्ञी हिमानी राज्य लक्ष्मी देवी शाहलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी जया बहिनी २) ठमेल, काठमाण्डौ : लक्ष्मी पूजाको अवसरमा चैतन्य झाँकी तथा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै ब्रह्माकुमारी राज दिदी साथमा समाजसेवी दिलप्रसाद पोखरेल, ब्रह्माकुमारी किरण बहिनी तथा अन्य । ३) हेटौडा : स्थानीय विकास अधिकारी विक्रम थापा, हेटौडा नगरपालिकाका कार्यकारी अधिकृत सहदेव कुमार पोखरेल, योजना अधिकृत किशन नेउपानेलाई सेवा केन्द्रमा स्वागत गर्दै ब्रह्माकुमारी सुशीला बहिनी तथा ब्रह्माकुमारी रेवती बहिनी । ४) धरान : राजयोग ध्यान शिविरको उद्घाटन गर्नुहुँदै इलाका प्रशासन कार्यालयका उप सचिव सीताराम कार्की साथमा विश्व हिन्दु महासंघका अध्यक्ष पं. पुरुषोत्तमजी, कृति च्यानल धरानका कार्यकारी निर्देशक मोहनजी, ब्रह्माकुमारी गीता बहिनी, ब्रह्माकुमारी नानीमैंया बहिनी तथा अन्य । ५) खाँदबारी, संखुवासभा : नवरात्रिको अवसरमा चैतन्य झाँकी तथा प्रवचन कार्यक्रम पश्चात् खाँदबारी एफ. एम का अध्यक्ष युवराज शाक्यलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी रचना बहिनी तथा अन्य । ६) गजुरी : श्रीकृष्ण जन्माष्टमीको अवसरमा झाँकी तथा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै आदर्श बहुमुखी क्याम्पसका प्रमुख रुद्र दनई, ब्रह्माकुमारी जमुना बहिनी । ७) चैनपुर, संखुवासभा : नवरात्रिको अवसरमा चैतन्य झाँकी तथा प्रवचन कार्यक्रम पश्चात् नेकपा एमालेका केन्द्रीय सदस्य राजेन्द्रप्रसाद गौतमलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी मान्तली बहिनी साथमा ब्रह्माकुमारी रचना बहिनी तथा अन्य । ८) चौघडा, हेटौडा : विजयादशमीको उपलक्ष्यमा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रमको उद्घाटन गर्नुहुँदै क्षेत्रीय सहायक अधिकृत डिल्लीराज पोखरेल साथमा ब्रह्माकुमारी सुशीला बहिनी, ब्रह्माकुमारी विष्णु बहिनी तथा अन्य । ९) रानीबारी : शुभ दीपावलीको अवसरमा समूह चित्रमा पूर्व क्षेत्रीय प्रशासक हीरामणि भण्डारी, पूर्व सचिव हरिकुमार श्रेष्ठ, पूर्व प्र.जि.अ. शारदा भक्त पौडेल, ब्रह्माकुमारी सृजना बहिनी तथा अन्य । १०) चन्द्रनिगाहपुर : ज्ञान चर्चा पश्चात् ग्रुप फोटोमा मस्जिदका मौलाना मो. हनिफ, ब्रह्माकुमारी मैया बहिनी तथा ब्रह्माकुमारी गोमा बहिनी । ११) टाँडी : श्रीकृष्ण जन्माष्टमीको अवसरमा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै रत्ननगर नगरपालिकाका प्रमुख इन्द्रकुमारी थपलिया, समाजसेवी विरुपन घिमिरे, ब्रह्माकुमारी शर्मिला बहिनी तथा अन्य । १२) सिन्धुली : विजया दशमीको अवसरमा आयोजित शुभकामना-सद्भाव शान्ति यात्राको एक झलक ।





































१) काठमाण्डौ : नव नियुक्त महामहिम राष्ट्रपति विद्यादेवी भण्डारीलाई शुभकामना दिए पश्चात् ग्रुप फोटोमा ब्रह्माकुमारी राज दिदी, ब्रह्माकुमारी किरण बहिनी तथा अन्य। २) काठमाण्डौ : प्रधानमन्त्री के.पी ओलीलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी राज दिदी साथमा ब्रह्माकुमारी किरण बहिनी तथा अन्य। ३) सातदोबाटो : दिपावलीको अवसरमा चैतन्य झाँकीका साथ ग्रुप फोटोमा उपप्रधानमन्त्री टोपबहादुर रायमाझी, राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव गोविन्द गजुरेल, ब्रह्माकुमारी कुमारी बहिनी, ब्रह्माकुमार रामसिंह भाइ तथा अन्य। ४) हेटौडा : पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई ईश्वरीय उपहार प्रदान गर्नुहुँदै ब्रह्माकुमारी सुशीला बहिनी साथमा ब्रह्माकुमारी रेवती बहिनी तथा अन्य। ५) नैकाप : दीपावलीको अवसरमा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै सांसद तथा पूर्व मन्त्री अष्टलक्ष्मी शाक्य, सह सचिव गोपालप्रसाद रिजाल, ब्रह्माकुमारी पुष्पा बहिनी। ६) तीनकुने : नवरात्रिको अवसरमा चैतन्य झाँकी तथा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै पूर्व मन्त्री तथा सांसद लालबाबु पण्डित साथमा ब्रह्माकुमारी सती बहिनी तथा अन्य। ७) टोखा : तनावमुक्त जीवन तथा सकारात्मक जीवन शैली कार्यक्रमको उद्घाटन गर्नुहुँदै सांसद जनकराज जोशी, पूर्व ए.आई.जी. श्याम सिंह थापा, डा. बिनोदमान श्रेष्ठ, ब्रह्माकुमारी गंगा बहिनी, ब्रह्माकुमार रामसिंह भाइ तथा अन्य। ८) बुढानिलकण्ठ : दीपावलीको अवसरमा दीप प्रज्वलन गर्दै सांसद दिपक खडका, भवन निर्माण तथा शहरी विकास विभागका महानिर्देशक रमेशप्रसाद सिंह, ब्रह्माकुमारी शोभा बहिनी तथा अन्य। ९) चिल्ड्रेन पार्क, हेटौडा : इ लाइब्रेरीको उद्घाटन गर्नुहुँदै सांसद अनन्त पौडेल, एस.एस.पी. रमेश खरेल, आइ.पी. डेपुटी कोअर्डिनेटर सोम सापकोटा, ब्रह्माकुमारी सुशीला बहिनी तथा अन्य। १०) नारायणगढ : जिल्ला स्थित नेपाल सरकारका पदाधिकारीहरूलाई सेवा केन्द्रमा स्वागत पश्चात् ग्रुप फोटोमा उपकुलपति डा. आई.पी. ढकाल, जिल्ला न्यायाधीश त्रय शेखर चन्द्र अर्याल, कविप्रसाद न्यौपाने, सुभासबाबु पुरी, एस.पी. विदुर खडका, एल.डि.ओ. श्रवणकुमार पोखरेल, कार्यकारी अधिकृत महेश बराल, ब्रह्माकुमारी लक्ष्मी बहिनी, ब्रह्माकुमार अर्जुन भाइ तथा ब्रह्माकुमारी अम्बिका बहिनी। ११) विराटनगर : बि.पी.को. स्वा. वि. प्रतिष्ठान सर्जरी विभागका प्रमुख प्रा. डा. सि. एस अग्रवाललाई ईश्वरीय उपहार दिनुहुँदै ब्रह्माकुमारी गीता बहिनी साथमा ब्रह्माकुमारी नानीमैंया बहिनी। १२) मंगलपुर : श्रीकृष्ण जन्माष्टमीको अवसरमा झाँकी तथा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रा. जगतलाल यादव साथमा भेटनरी टिचिङ्ग हस्पिटलका निर्देशक डा. श्यामकिशोर साह, ज्ञानेश्वर सामुदायिक वनका अध्यक्ष बसन्त थापा, ब्रह्माकुमारी सविता बहिनी तथा अन्य।